
# धर्मकीर्ति

## THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

फागुन पूर्णिमा



सारिपुत्र र मोद्‌गल्यायन अग्रश्रावकहरूको
अस्थिधातु प्रतिस्थापित सांची स्तूप

DHARMAKIRTI

वर्ष- १४ अंक- ११ वार्षिक रू. ३५/- मूल्य रू. ४/-

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# मूर्खहरूको उत्सव

सबै राष्ट्रहरूमा आ–आफ्ना संस्कृति अनुसार चाडपर्व र उत्सवहरू मनाउने चलन पहिलेदेखि चल्दै आएको देखिन्छ। यसरी मनाइने थितिरीतिहरूलाई संस्कृतिको रूपमा मान्यता दिने चलन छ। तर संस्कृति भन्दैमा समाजलाई नै अप्ठेरो पार्ने र अपमानित हुनुपर्ने खालका थितिरीतिहरूलाई पनि मान्नै पर्छ भन्ने केही बाध्यता छ त ?

तर संस्कृतिको सही अर्थ त सभ्य समाज र शिष्ट चलन हो। यति मात्र होइन समयानुसार बदल्दै लान सक्ने थितिरीति र स्वभावलाई पनि संस्कृति भनिन्छ।

तर नेपालमा आजभोलीको युगलाई नसुहाउने खालका र साधारण निर्दोष जनजीवनलाई हानी पुऱ्याउने खालका दुईवटा चाड भनौं या उत्सवलाई संस्कृतिको नाम दिंदै मनाइरहेको देखिन्छ। ती हुन्, होली र शिवरात्री।

शिवरात्रीको दिन त कोही उपद्राहा व्यक्तिहरूले अरूहरूको घरको दलो, दलिन, खापा र मोटरका टायर आदि चोरेरै भएपनि अग्नी देवतालाई पूजा गरी नक्कली धार्मिक बन्दै आफ्नो संस्कृतिलाई रक्षा गरिरहेको देखिन्छ। त्यस्तै बाटो बाटोमा डोरीले बाँधी बाटो छेकी बटुवाहरूसँग जगात माग्दै दुःख दिइरहेको हुन्छ दिनभरी। यो कस्तो धार्मिक कार्य हो ?

अर्को पर्व हो, होली। हुन त यो होली पर्व बुद्धको समयमा पनि चल्दै आएको देखिन्छ। त्यसैले बुद्धले यस पर्वलाई "मूर्खहरूको उत्सव" भनी नामाकरण गरेको कुरा पालि साहित्यमा नै उल्लेख भएको छ।

बुद्धको समयमा सातदिनसम्म उपद्राहा मानिसहरूले आ–आफ्नो अनुहारमा र सारा शरीरमा गोबर, कालो रंग र खरानी आदि दलेर अश्लील गीतहरू गाउँदै घरको दैलो दैलोमा घुम्दै गाली दिंदै रमाइलो मान्ने गर्दा रहेछन्। लाज शरम भनेको पटक्कै नमान्ने ती अभद्र व्यक्तिहरूले भगवान् बुद्धलाई समेत पनि गाली गर्दै रंग खेल्ने गरेको हुनाले सभ्य र शिक्षित दाताहरूले भगवान् बुद्ध प्रमुख भिक्षुहरूलाई सातदिनसम्मको लागि नै विहारमा खाद्य सामग्रीहरू पुऱ्याइदिने गर्दथे। अश्लील गीतहरू गाउँदै हिंड्ने ती अभद्र व्यक्तिहरूको होहल्ला र अशान्तिपूर्ण वातावरणलाई छिट्टै हटाएर पठाउनका लागि भलादमी मानिसहरूले जति सक्यो त्यति छिटो पैसा दिएर धपाएर पठाउने गर्दथ्यो।

सातदिन पछि अर्थात् होली पर्व सिद्धिएपछि बुद्ध धर्मावलम्बीहरूले भगवान् बुद्ध प्रमुख भिक्षुहरूलाई आफ्नो घरमा निमन्त्रणा गरी भन्ने गर्थे —"भगवान् शास्ता ! यो होलीको सातदिन त बाहिर जान नपाउने हुनाले साह्रै कष्टपूर्ण तरिकाले बितायौं। त्यसैले तपाईंहरूलाई पनि विहारबाट बाहिर ननिस्कन अनुरोध गरी सातदिनसम्म विहारमा नै भोजनको व्यवस्था मिलाएका हौं।"

अनि भगवान् बुद्धले भन्नुभयो—"बालानं दुम्मेधानं किरिया नाम एवरूपा होति" अर्थात् मूर्ख र अशिक्षितहरूको काम यस्तै हुने गर्छ।

बुद्धकालीन समयमा मात्र होइन, नेपालमा आजभोली पनि कहिं कहिं त होलि शुरु हुने दुई हप्ता पहिलेदेखि नै मानिसहरू बेलुनमा पानी भरी बटुवाहरूलाई हान्दै आनन्द लिने गर्छन्। साह्रै अशोभनीय संस्कृति हो यो। यस्तो घृणित कार्यलाई त सरकारले निगरानी राखी नियन्त्रण गर्न सके अश्लील संस्कृतिबाट पीडित जनताले सन्तोषको श्वास फेर्न सक्नेछन् र यस्तो होलीको असभ्य कार्यबाट सृजना भएको प्रदूषित वातावरण हटन गई सबैको भलो नै हुने देखिन्छ। सबैको भलो गर्नु नै धार्मिक कार्य होइन र ?

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० १११७

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन– २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४९९२


# धर्मकीर्ति
## ( बौद्ध मासिक )
# THE DHARMAKIRTI


MARCH 1997

वर्ष–१४ | अंक–११ | होलिपुन्ही | फागुन २०५३





जसलाई जानी जानी झूठा बोलनमा लाज छैन, त्यसले जे पनि पाप गर्न सक्तछ । त्यसकारण तिमी यो दृढ निश्चय गर कि म ख्याल ठट्टामा पनि कहिल्यै असत्य बोल्ने छैन ।

उभिंदा होस्, हिंड्दा होस् या लेटेर रहँदा होस्, जबसम्म नीद आउँदैन, तबसम्म हामीले यो मैत्री भावनाको स्मृति स्थिर राख्नु पर्दछ ।

बैरद्वारा बैर कहिल्यै शान्त हुँदैन । वैर प्रेमद्वारा नै शान्त हुन्छ । यही पहिलेदेखि चलिआएको धर्म हो ।

★★★

Downloaded from http://www.dhamma.digital

## धम्मपद – ९४

– रीना बनिया

"यो चे वस्ससतं जीवे – अपस्सं धम्ममुत्तमं ।
एका'हं जोवितं सेय्यो – पस्सतो धम्ममुत्तमं ।"

अर्थ—उत्तम धर्मलाई साक्षात्कार नगरी सयौं वर्ष बाँच्नुभन्दा उत्तम धर्मलाई साक्षात्कार गरी एकदिन मात्र बाँच्नु श्रेष्ठ छ ।

यो गाथा भगवान् बुद्धले जेतवन महाविहारमा बास गरिरहनु भएको बेला धेरै सन्तान भएकी एउटी आइमाईको कारणले बताउनु भएको हो ।

घटना—श्रावस्ती नगरमा एउटा परिवारमा एक दम्पत्तिको सातवटा छोरा र सातवटी छोरीहरू थिए । सन्तानहरूको संख्या बढ्दै आएपछि उनीहरूलाई गर्नुपर्ने बिबाह कर्म आदि गराइदिए । सबै छोराछोरीहरू गृहस्थ धर्ममा बसेर आ–आफ्ना गच्छे अनुसार सुखपूर्वक बाँचिरहेका थिए । यस्तैमा बाबुचाहिंको मृत्यु भयो । बाबु मरेको केही समयपछि छोराहरूले आ–आफ्नो भागको अंश छुट्याइदिन आमाचाहिंलाई आग्रह गर्नथाले । तर आमाचाहिंले अंश बाँडि दिइन । धेरै पटक छोरा-हरूले जिद्दी गर्दै अंश माग्न आएपछि "मेरा छोराहरूले मलाई पछि सेवा गर्ने नै छन् । किन मैले यो सम्पत्ति अँगालेर बस्नुपर्‍यो" भनी ठानी आफूलाई केही पनि बाँकी नराखी सबै सम्पत्ति छोराछोरीलाई बराबर भागमा बाँडि दिइन् ।

केही समय बितेपछि आफ्नी वृद्ध आमालाई पालन–पोषण गर्न छोराछोरीलाई झंझट लाग्न थाल्यो । उनी जुन छोरा वा छोरीकहाँ बस्थिन् त्यसले "के मलाई मात्र दुई भाग अंश दिएका थियौ र मकहाँ मात्र बस्न आउनु हुन्छ ?" भनी घरमा नराख्ने प्रयास गर्थ्यो । आफ्नै छोराछोरीबाट यस्तो अवहेलना हुन थालेपछि ती वृद्ध उपासिकालाई गृहस्थी जीवनदेखि बिरक्त लाग्न थाल्यो । भिक्षुणीहरूकहाँ गएर प्रब्रज्या मागेर प्रब्रजित भइन् । प्रब्रजित भएपछि 'धेरै सन्तान भएका थेरी' भन्ने नामले उनी जानिन् ।

उसले "म बुढी भएपछि मात्र प्रब्रजित भएको हुँ । मैले अप्रमादि हुनुपर्छ" भनी आफूभन्दा जेष्ठ भिक्षुणी-हरूलाई सेवा गरिन् । एक रात रातभरि श्रमण धर्म सम्झन्छु भनी बिहारको छिंडिमा एउटा खम्बा समातेर बारम्बार श्रमण धर्म सम्झिरहिन् । चंक्रमण गर्दा पनि बडो लगन साथ गरिन् । अटूट रूपमा यसरी श्रमण धर्म पालना गरिराखेको थाहा पाएर भगवान् बुद्धले उनीलाई यसरी धर्मदेशना गर्नुभयो—"हे धेरै सन्तान भएका थेरी ! मैले देशना गरेको धर्मलाई बारम्बार नसम्झेर, दृष्टान्त रूपले नदेखिकन सय वर्ष बाँच्नुभन्दा, मैले देशना गरेको धर्मलाई देखी, बुझी एकदिन मात्र बाँच्नु नै श्रेष्ठकर छ, उत्तम छ ।" यसरी धर्मदेशना गरी भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्तमा धेरै सन्तान भएका थेरी प्रतिसम्भिदा सहित अरहन्त भइन् ।

★★★

बुद्ध एक नेपालको मात्र नभई विश्वकानै महापुरुष हुन् । – महासचिव उथान्त



Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षाको मूल सिद्धान्त

– अ. अनोजा

मानिस नैतिकवान् र आदर्शवादी हुनु पर्दछ। मानवतालाई सम्झेर नराम्रा बाटोमा लागेकालाई राम्रा बाटाहरू देखाउन सक्नुपर्छ। तर संसारमा धर्मका नाममा अनेक झंझगडाहरू भइरहेका छन्। यसको मुख्य कारण धेरैजसो मानिसहरूमा सम्यक दृष्टिको अभाव भई अन्धविश्वासी बन्नु हो।

तर बुद्धको सिद्धान्तलाई राम्ररी बुझ्नेहरूले यी चार तत्वहरूलाई पनि बुझ्ने हुन्छन्।

(१) ईश्वरलाई नमान्नु।
(२) आत्मा नित्य नमान्नु।
(३) कुनै पनि ग्रन्थलाई स्वतह प्रमाण नमान्नु।
(४) जीवनको गति लगातार एकनासको नमान्नु।

## (१) ईश्वरलाई नमान्नु—

बुद्धले ईश्वर भक्तिमा विश्वास गर्दैन। तर ईश्वरवादीहरूले भन्छन्, संसारको सृष्टि हुनुमा केही कारण हुनुपर्छ त्यो हो ईश्वर। तर ईश्वरले संसार सृष्टि गरेको भए यस संसारमा गाभिएका राम्रो, नराम्रो, सुख, दुःख, दया, क्रोध आदिको सृष्टि पनि त्यही ईश्वरले नै गरेका हुन् त? त्यति मात्र कहाँ हो र? त्यस दयावान् ईश्वरले बनाएको यस संसारमा चारैतिर झंझगडा किन? कोही जन्मैदेखि अपांग किन? त्यस दयावान् ईश्वरको पक्षपातिपूर्ण सृष्टि किन? फेरि अनेक जीवजन्तु र प्राणीहरूका बीच चलदै रहेको बलियाले निर्धामाथि गरिने थिचोमिचो र दमन प्रथा किन?

पूनर्जन्म नमान्ने व्यक्तिहरू भन्छन्, प्राणीहरू मरेपछि तिनीहरूले फेरि जन्म लिनु पर्दैन। तर पूनर्जन्मलाई मान्नेहरू भन्छन्, संसारमा बिभिन्न प्राणीहरू माथि जति पनि राम्रा नराम्रा घटनाहरू घट्छन् ती सबै उनीहरूको आफ्नै कर्मको फलहरू हुन्। यी विभिन्न सिद्धान्तहरूको अध्ययन पश्चात् बुद्धको शिक्षा अध्ययन गर्ने हो भने हामीले के बुझ्न सक्छौं भने मनुष्य ईश्वरको सृष्टि नभई ईश्वर नै मनुष्यको मानसिक सृष्टि हो।

## (२) आत्मा नित्य नमान्नु—

कोही भन्छन्, प्राणीको शरीरभित्र अलग्गै एक नित्य चेतनशक्ति रहेको हुन्छ। त्यस चेतना शक्तिको उपस्थितिमा शरीर तातो भएको अनुभव हुन्छ। जब हामीले कर्म अनुसार शरीर छोडेर जान्छौं, त्यतिखेर शरीर चीसो भई चेतना रहित भएको हुन्छ। यस चेतना शक्तिलाई नै आत्मा भनिन्छ जून सधैं नित्य हुन्छ।

तर बुद्धको शिक्षा अनुसार आत्मा कुनै नित्य वस्तु होइन। मानिसहरूमा क्षणक्षणमा चित्त उत्पन्न र विनास भइरहेका हुन्छन्। जबसम्म यस शरीरमा चित्त संचालन भइरहन्छ, तबसम्म मात्र शरीर पनि सजिव रहेको हुन्छ। अणु–अणुको समूह मिली बनेको हाम्रो शरीर क्षण–क्षणमा परिवर्तन भइरहेको हुन्छ भने मन वा चित्त पनि क्षण–क्षणमा परिवर्तन हुँदै गइरहेको छ। आफूले लेखेको डायरी ३० वर्ष पछि पढ्दा त्यतिबेलाको विचार र अहिलेको विचारमा धेरै फरक भएको अनुभव हुनेछ। हाम्रो भित्रको मन (चित्त) र हाम्रो शरीरका पाँच इन्द्रियहरू (नाक, कान, जीब्रो, आँखा र शरीर) मिलेपछि सबै प्रकारका अनुभवहरू हुन थाल्छन्। शरीरका यी ५ वटा बाह्य इन्द्रियहरूको संयोजक मन नै हो। त्यसैले यहाँ अलग्ग आत्माको आवश्यकता कसरी हुन्छ र किन हुन्छ? हाम्रो मनमा लोभ, द्वेष, मोह



Downloaded from http://www.dhamma.digital

आदि विभिन्न दूषित भावनाहरू क्षण-क्षणमा आउँदै गर्छ। हाम्रो चित्तमा राम्रा, नराम्रा विषयहरूको उत्पत्ति र विनाश भइरहेकै हुन्छ। यसप्रकारको चित्त सन्तती एक क्षण पनि चुप लागेर बस्दैन। यसरी उत्पत्ति विनासको धारमा बग्दै गरेको चित्त सन्तती भएको हुनाले यसलाई अन+आत्मा=अनात्मा भन्न सकिन्छ र बुद्धले अनात्मा शब्दको प्रयोग गर्नुभएको छ।

## (३) कुनै पनि ग्रन्थलाई स्वतह प्रमाण नमान्नु—

बुद्धको शिक्षा अनुसार कुनै पनि शास्त्रलाई स्वतह प्रमाण मान्नु ठीक हुँदैन। बुद्ध आफैंले भन्नुभएको थियो, मैले बताएको हुँदैमा कुनै पनि शास्त्र र शिक्षालाई सही नमान्नु। आफ्नै स्वतन्त्र विचार र बुद्धिले ठीक ठानेमा मात्र स्वीकार गर्नु।

ग्रन्थहरूलाई बिना बिवेक बुद्धिले स्वतह प्रमाण मानेको कारणले संसारमा कतिपय डरलाग्दा भयंकर अत्याचारपूर्ण घटनाहरू घट्न पुगेका छन्। यदि बाइबलको स्वतह प्रमाण नमानेको भए गेलेलीहरू (क्रिश्चियनहरू) को दूर्दशा हुँदैन थियो होला। यसरी कुनै पनि ग्रन्थलाई बिना बिवेक बुद्धिले अपनाउन थाल्यो भने धर्मको कारण झंझगडा हुने सम्भावना हुन थाल्छ।

## (४) जीवनको गति लगातार एकनाशको नमान्नु—

असंख्य अणुहरूको ढिक्को हाम्रो शरीरका प्रत्येक अणुहरू क्षण-क्षणमा परिवर्तन हुँदै गइरहेका छन्। त्यसैले १० वर्षको बालकको मन र शरीर ३० वर्षको जवानीमा पुगेपछि धेरै मात्रामा परिवर्तन भइसकेको हुनेछ। १० वर्षे बालकको आँखा जति तीखो र तेजीलो हुन्छ, त्यही बालक ५० वर्षको उमेर पुगेपछि उसको आँखा त्यति तेजिलो हुन सक्दैन। बालक कालको विचारधारा र जवानी उमेरको विचारधारामा पनि धुप्रै फरक रहेको हुन्छ। यसरी एउटै मानिसको अवस्था समयको अन्तराल पश्चात परिवर्तन हुँदै गएको हुन्छ।

उदाहरणको लागि फलामलाई खानीबाट झिकेर आगोमा तताई मानिसको ईच्छा अनुसारको भाँडाकुँडा बनाइन्छ। यसरी फलाम त फलाम नै हो अर्थात् यो एक प्रकारको धातु नै रहेको हुन्छ। तर पहिलेको फलामको ढिक्को पछि भाँडा भन्छ। यसरी फलामको ढिक्कोले भाँडाको आकार लिएपछि त्यसको अस्तित्व नै बदलिन्छ। त्यसरी नै हरेक प्राणीको जीवनगति समयानुसार परिवर्तन हुँदै गइरहेको हुन्छ।

यसरी बुद्धको शिक्षा र दर्शनमा चारवटा बुँदाहरू समावेश भएका देखिन्छन्।

★★★

# बुद्धको महिमा

— नवराज शाक्य, धरान

मनको मैलो हटाई तिमीले
ज्ञानको ज्योति जगाई दियौ
मूर्खलाई ज्ञान दिलाई
सत्यमार्ग हिंड्न सिकायौ
बुद्ध तिमी।

भेदभावको अन्तर हटाई
विश्वमा समताको भाव जगायौ
अज्ञानीलाई ज्ञान सिकाई
अन्धकारबाट मुक्त गरायौ

बुद्ध तिमी आउ नजीक
शरणमा लेउ प्रभु हामीलाई
बुद्ध तिमी।



Downloaded from http://www.dhamma.digital

# बौद्ध संघ

– बिजयराज बज्राचार्य, बाराणसी

बौद्धमार्गीहरूलाई दुई भागमा बिभाजन गरिएको छ। भिक्षु र गृहस्थ। गृहस्थलाई उपासक उपासिकाको रूपमा बाँडिएका छन्।

भिक्षुहरूमा संगठित संघ भएको हुनाले उनीहरूले संघका सबै नियम पालना गर्नुपर्ने हुन्छ। तर गृहस्थीहरूको संघ नभएको हुँदा उनीहरूले भिक्षु संघ भित्रका नियमहरू पालना गर्नु पर्दैन। उनीहरू बौद्ध विनय सिद्धान्तलाई समर्थन गर्छन्। उपासक उपासिकाहरू भिक्षुहरूबाट प्राप्त गरेका ज्ञानरूपी सुमार्गमा हिड्ने प्रयास गर्छन् अर्थात् उनीहरूको आदर्श प्राप्त गरी दैनिक जीवनको व्यवहारमा उतार्ने प्रयास गर्छन्। पञ्चशील अनुशरण गर्ने गृहस्थहरूको कर्तव्य हो।

संघमा जातिपाती, धर्म देश आदिले कुनै बाधा पुऱ्याउन सक्दैन। जातिपाती मान्नेलाई र सामाजिक स्थितीलाई संघमा स्थान छैन। किनभने संघमा सबै जाति र धर्मका सदस्यहरूलाई समान स्थान दिएको छ। विश्वका सबै मनुष्य मात्रलाई संघमा ढोका खुल्ला छ।

भगवान् बुद्धले भिक्षुहरूका लागि बनाउनु भएको संघ व्यवस्थित पार्नका लागि नियमहरू पनि बनाउनु भएका थिए। जुन नियमहरू जीवनमा घटीत घटनाहरूसँग सम्बन्धित छन्। सुनिएको र लेखिएको आधारमा होइन।

२० वर्ष भन्दा कम उमेरका मानिस यदि त्यो कुष्ट रोग, क्षय रोग आदिबाट पिडीत छैन भने बिना भेदभाव कुनै पनि मानिस श्रामणेर बन्न सक्छ। तर रोगबाट पिडीत व्यक्ति, अपराधी लुटेरा वा ऋणी अपाहिज व्यक्ति श्रामणेर वा भिक्षु बन्न सक्दैन। यसरी संघमा प्रवेश गर्न शारीरिक, नैतिक आचरण एवं स्वास्थ्यमा ध्यान दिने गरिन्थ्यो। यहाँ जातिप्रथालाई ध्यान दिइएको देखिदैन।

समयको प्रवाह र भिक्षु भिक्षुणीहरूको तर्फबाट संघको निस्वार्थ सेवा गरेको फलस्वरूप यसले बुद्ध शिक्षालाई विश्वका विभिन्न देश विदेशमा प्रचार प्रसार गर्न ठूलो भूमिका खेलेको देखियो।

संघमा प्रवेश गर्ने व्यक्तिहरूलाई कपाल खौरिन लगाई, काषाय वस्त्र (चीवर) धारण गराई स्थानिय संघका आचार्यको सन्मुख उपस्थित गराई बुद्ध, धर्म र संघप्रति सभक्तिपूर्ण यसरी शपथ ग्रहण गराइन्थ्यो।

बुद्धं सरणं गच्छामि।
धम्मं सरणं गच्छामि।
संघं सरणं गच्छामि।

त्यसपछि पञ्चशील र आवश्यकतानुसार दशशील प्रार्थना गराउन लगाउँछ।

दशशील यसरी पालन गरिन्छ—१. प्राणी हिंसा नगर्ने, २. अर्काको चीज अनुमति नपाएसम्म अर्थात् नदिएसम्म नलिने, ३. व्यभिचार कर्म नगर्ने, ४. अर्कालाई हानी हुने गरी असत्य वचनहरू नबोल्ने, ५. अमल पदार्थ (रक्सी, जाँड र लागू पदार्थहरू आदि) सेवन नगर्ने, ६. बिकाल (असमय) भोजन नगर्ने, ७. चरित्र भ्रष्ट हुने नाचगान, बाजागाजा बजाउने रौं खडा हुने कुत्सित खेल र तमासा नहेर्ने, ८. अत्तर माला सुगन्ध आदि लेपन नगर्ने आदि, ९. अग्लो र धेरै मूल्यवान विलासी ओछ्यानहरूमा नसुत्ने र १०. रुपियाँ, सुन, चाँदी, गरगहना प्रयोग नगर्ने।

प्रव्रजित पश्चात् वर्षौंसम्म कुनै भिक्षु (गुरु) को संरक्षणमा रही शिक्षा र उपदेश ग्रहण गर्छन्। त्यसपछि



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूको परिषद्मा उपस्थित भई संघमा प्रवेश गर्न प्रस्ताव राख्छ। प्रस्ताव स्वीकार भएपछि मात्र भिक्षुत्व ग्रहण हुन्छ। त्यसपछि मात्र त्यसले संघको आन्तरिक अनुशासनमा बस्न बाध्य हुन्छ। दोषी भिक्षुलाई दण्ड (सजायँ) दिने पनि व्यवस्था छ।

संघको सभामा भिक्षुहरू जेष्ठताको क्रम मिलाई आ–आफ्ना आसन ग्रहण गर्ने गर्छन्। संघ कर्मको सभामा कमसेकम दश जवान भिक्षुको आवश्यकता हुन्छ। सभामा कुनै पनि प्रश्नको उत्तर बुद्धको सिद्धान्त र उपदेशमा आधारित हुन्छ। अनुशासित जीवनलाई प्राथमिकता दिनका लागि प्रत्येक विहारमा हरेक महिना-को दुई पटक आत्मालोचनाको लागि सभा बोलाउनु पर्छ। सो सभामा संघका अनुशासन सम्बन्धि नियमहरू पढिन्छन्। अपराधीलाई दण्ड दिइन्छ। सबैभन्दा वृद्ध, अनुभवी भिक्षुलाई भिक्षु संघको मुख्य थेर मानिन्छ।

संघको सम्पत्ति कसैको व्यक्तिगत हुन सक्दैन। तीनवटा चीवर १. अन्तरवास (भित्रको लुँगी जस्तो), २. उत्तरासँग (माथिका लुगा), ३. संघाटी (ठण्डीले बच्नका लागि दुपट्टा चीवर), ४. कायबन्धन (कम्मरमा बाँध्ने पेटी), ५. भिक्षा पात्र, ६. उस्तरा (छुरा कपाल काट्ने), ७. सियो–धागो र (८) पानी छान्ने कपडा (छान्नी) आदि यी आठवटा पदार्थहरू मात्र एउटा भिक्षुको व्यक्तिगत सम्पत्ति हुनेछ। वर्षको आठ महिना-सम्म एउटा भिक्षुले गाउँ–गाउँमा भ्रमण गरी उपदेश दिने गर्छ। बाँकी चार महिना वर्षावास बस्ने चलन छ। भिक्षुहरूको भन्दा भिक्षुणीहरूले अझ कठिन नियमहरू पालन गर्नुपर्ने हुन्छ। भिक्षुहरू भिक्षाटन गरी आफ्नो पेट भर्ने गर्थ्यो। सुविधा मिले अनुसार विहारमा रहने गर्छ।

संघको यस व्यवस्थामा समन्वय गराउने कुनै केन्द्रिय सत्ता थिएन न संघको प्रतिनिधित्व गर्ने कुनै संघ संस्थाको परिचय नै थियो। फलस्वरूप मतभेद बढ्दै गए। विभिन्न निकायहरू बने। धर्म प्रचारका लागि जनसाधारणका बोलिचाली भाषालाई प्रयोग गरे। यसरी संघले लेखक, अनुवादक, संग्रहक आदि अनेकानेक विद्वानहरू जन्माएर संघलाई समृद्ध र बलियो बनाए।

★★★

# बुद्ध ज्वीगु इच्छा

– चैत्यरत्न बुद्धाचार्य, ख्वप

जन्म जन्म पति दुःख सिया वन।
बोधिज्ञान लाय्गु अभिलाषा याना॥
जन्म जुया क्यन नेपाया लुम्बिनी बने।
विश्वे फैले जुल थुगु पुण्यतिर्थ जूवन॥

विशाल भारतया बुद्धगयाया नां प्रख्यात जूवन।
वहे ज्ञान इना बिल मृगदावनय् पंचभद्रपिन्त॥
अनित्य, दुःख अनात्मायात चिन्तन मनन याव।
जन्म, जरा, ब्याधि, मरण बोध याव॥

राग, द्वेष, मोह, लोभ, क्रोध धैगु तापाका छ्वव।
शील, समाधि, प्रज्ञाया तिसाँ तियाव॥
थुगु समाज संघजनयात केना बिव।
थुली हे ज्ञान कया बिल धाःसा शान्ति बिव॥

थुगु हे जीवनं सुख शान्ति कया निर्वाण लाना।
केना थकल बुद्धं थःगु तुतिं थः दने फय्केमाव॥
थः हे मत जुया ख्युँगु समाजयात प्रकाश याव।
ज्वी माल सकलें ज्ञानी गुणी जुयाव॥

★★★



Downloaded from http://www.dhamma.digital

# भिक्षु कोण्डञ्ज

— भिक्षु पञ्ञामूर्ति, स्वयम्भू

शाक्यवंशीय राजा शुद्धोदनका नाबालक राजकुमारलाई नामाकरण गर्ने समयमा त्यस राजदरबारमा उपस्थित भएका त्रिवेद (ऋग्वेद, यजुर्वेद, सामवेद) मा पारंगत पण्डित ब्राह्मणहरू एकसय आठजना मध्ये राम, ध्वज, लक्ष्मण, मन्ती, कोण्डञ्ज, भोज, सुयाम, सुदत्त नाम गरेका अति श्रेष्ठ आठजना ब्राह्मणहरू थिए। उनीहरू ज्योतिषादि षटशास्त्रमा (न्याय, वैशेषिक, सांख्य, योग, मिमांसा र वेदान्त) पारंगत भएका थिए। तापनि कोण्डञ्ज ब्राह्मण भने सामुद्रिक विद्यामा समेत पारंगत थिए। तसर्थ शाक्यवंशीय शुद्धोदन महाराजाको नाबालक राजकुमारलाई नामाकरण गर्दा कोण्डञ्ज पण्डित बाहेक अन्य सातजना ब्राह्मण पण्डितहरूले दुईटा औंला ठड्याई भने महाराज! यस बालक राजपाट संभाली गृहस्थाश्रममा नै बसे अद्वितीय चक्रवर्ति राजा हुने छन्। यदि संसार त्यागेर सन्यासी भएर गएमा त्रिलोकाचार्य सर्वज्ञ बुद्ध हुने छन्। तर ती आठजना पण्डित ब्राह्मणहरूमध्ये सबभन्दा कान्छो कोण्डञ्ज ब्राह्मणले एकै औंला मात्रै ठड्याई भने— "महाराज! यो बालक अवश्य पनि सर्वअर्थ सिद्ध गरेर बुद्ध नै हुने छन्। यिनले गृहस्थी भएर जीवन बिताउने छैन।" भनी निडरका साथ ठोकुवा गरी भनेका थिए।

यसै कोण्डञ्जको जन्म कपिलवस्तु नजिक द्रौणवस्तु नामक ब्राह्मण ग्राममा भएको थियो भने पिता महातार ब्राह्मण थिए। ब्राह्मण गोत्रको भएका हुनाले गोत्रको नामबाट कोण्डञ्ज भनि नाम राखिएको तथ्य बुझिन्छ।

जब सिद्धार्थ कुमार गृहत्याग गरी उरुवेल वनमा बसिरहेको खबर कोण्डञ्ज ब्राह्मणले थाहापाए, त्यस खबरबाट कोण्डञ्ज ब्राह्मणको भविष्यवाणी अर्धसत्य भैसकेको हुनाले सिद्धार्थ कुमार बुद्ध हुनेछ भन्ने निश्चय थियो, त्यसकारण उसले अन्य सातजना पण्डित ब्राह्मणहरू परलोक भैसकेको हुनाले ती सातजना ब्राह्मणहरूको छोराहरूकहाँ गई भने—"अहिलेसम्म तिम्रा पिताहरू जिवित रहेका भए सिद्धार्थको पछि-पछि अवश्य पनि प्रव्रजित भई गइसक्ने थिए। अब तिनीहरू यस संसारमा छैनन्। त्यसकारण आज हामी प्रव्रजित हुन जाऔं हिंड, भनी भन्यो तर सबैको राय एउटै भएन। कोण्डञ्ञ र अन्य चारजना पण्डित ब्राह्मणहरूका पुत्रहरू भविष्यमा हुने बुद्धको संस्मरण गरी गृहत्याग गरी परिव्राजक भेष लिई कपिलवस्तुबाट उरुवेल ग्राममा जानु भएको थियो। त्यसरी पाँचजना हिंडेको हुनाले उनीहरूलाई "पञ्चवर्गीय" भनी कहलिन थाल्यो। सोही अवस्थामा सिद्धार्थ कुमार पनि महाभिनिष्क्रमण गरी उरुवेलमा सम्बोधिलाभ (बुद्धत्व) को लागि विचरण गरिरहनु भएको थियो। त्यहाँ पञ्चवर्गीयहरूद्वारा बोधिसत्व सिद्धार्थको ६ वर्षसम्म सेवा गरियो तर बोधिसत्वले बिस्तार-बिस्तारै आहार सेवन गर्न थालेकोले कोण्डञ्ञ ब्राह्मणको भविष्यवाणीमा प्रश्न चिन्ह खडा भयो र पञ्चवर्गीयहरूको मनमा शंका उत्पन्न हुन थाल्यो। त्यसकारण उनीहरू बोधिसत्व सिद्धार्थलाई एक्लै आ-आपनो पात्र चीवरलिई १० योजन पर ऋषिपतन मृगदावनमा गएर बसे।

बोधिसत्व सिद्धार्थले पनि सम्बोधिलाभ (बुद्धत्व) प्राप्त गरी प्रथमत आफूले लाभ गरेको यस गम्भीर सत्य धर्म कसलाई देशना गर्ने भनी ध्यानदृष्टिद्वारा हेर्नुभयो र त्यसबेलासम्म आफूले अध्ययन गरेका आचार्य आलारकालाम र उद्दक रामपुत्र पण्डितहरूको देहान्त भैसकेको



Downloaded from http://www.dhamma.digital

हुनाले आफूलाई ६ वर्षसम्म साथ दिई सेवा गरेका पञ्चवर्गीय ब्राह्मणहरूलाई सम्झिई ऋषिपतन मृगदावनमा जानुभयो र त्यहाँ पञ्चवर्गीय ब्राह्मणहरूलाई धम्मचक्क सुत्त देशना गर्नुभएको थियो। त्यस सूत्र श्रवण गरी कौण्डन्य ब्राह्मणले सर्वप्रथम मार्गफल प्राप्त गर्न सफल भयो र क्रमशः! अन्य चारजना ब्राह्मणहरूले पनि मार्गफल लाभ गऱ्यो। साथै अनात्मलक्षण सूत्र सुनि पञ्चवर्गीय ब्राह्मणहरू अरहत भएर गौतम बुद्धको पहिलो शिष्यहरू बन्न पुग्यो, जसले मध्यम मार्ग सर्वप्रथम बोध गरी लिनु भएको थियो।

"भिक्षु! आऊ!! धर्म सुआख्यात छ, राम्ररी दुःख छेदन गर्नेछ। ब्रह्मचर्य पालन गर" भनी गौतम बुद्धले "एहि भिक्खु" भावद्वारा उपसम्पन्न पनि प्रथमत, कौण्डन्य ब्राह्मणलाई नै गरी दिनु भएको थियो।

यसरी सिद्धार्थ गौतमको निश्चित रूपमा भविष्यवाणी गरेको पण्डित ब्राह्मण कौण्डन्य थिए भने मार्गफल तथा अरहत भिक्षुभावद्वारा गौतम बुद्धको प्रथम शिष्य हुने सुवर्ण मौका पनि कौण्डन्य ब्राह्मणले नै प्राप्त गरेका हुन्।

अरहत भिक्षु कौण्डन्य ग्राम-ग्राममा धर्म प्रचार गर्दै आफू जन्मेको द्रोण ग्राममा जानु भै आपना मन्तानी नामकी बहिनीको पूर्ण नामको छोरालाई पनि प्रव्रजित गर्नुभयो र प्रव्रजित पश्चात पूर्ण मैत्रायणी पुत्रको नामबाट प्रख्यात भएको कुरा त्रिपिटकमा उल्लेख भएको पाइन्छ।

तथागत गौतम बुद्ध राजगृहमा विचरण गरिरहनु भएको बेलामा अरहत भिक्षु कौण्डन्य राजगृहबाट मन्दाकिनी नदीको किनारको छन्दव वनमा जानुभयो र त्यहाँ १२ वर्षसम्म एकान्तवास बस्नु भएको थियो। आपनो अन्तिम समयको बेला ज्ञात भएको हुनाले तथागत गौतम बुद्धकहाँ गई बिदा लिनु भई अनुज्ञा प्राप्त गरी पुनः छदन्त वनमा फर्किनु भयो र केही समय पश्चात् परिनिर्वाण हुनु भयो। सो खबर सुनी भिक्षु अनिरुद्ध महास्थविरको नेतृत्वमा ५०० जना भिक्षु संघ त्यहाँ पुग्नु भई वहाँको दाहसंस्कार गर्नुभएको थियो र शरीर अवशेष वेलुवनमा ल्याउनु भएको थियो। त्यस शरीर अवशेषलाई तथागत गौतम बुद्धले आपनो श्रीहस्तद्वारा स्तूपमा प्रतिस्थापना गर्नुभएको थियो। बुद्धघोषाचार्यको भनाई अनुसार त्यस स्तूप वहाँको समयमा पनि विद्यमान रहेको कुरा व्यक्त गरिएको छ।

★★★

## इच्छा

– हरिकृष्ण श्रेष्ठ, धरान–१२

मलाई त्यो ठाउँ मन पर्छ
जहाँ गौतम बुद्धले ज्ञान पायो
मलाई त्यो देश मन पर्छ
जहाँ शान्त वातावरण छ।

मलाई डाँडा काँडा सौन्दर्य
कलकल बग्ने झरना
हिमाल तथा देउराली
भन्ज्याङहरू मन पर्छ।

आफू शान्त बस्नु र
अरू शान्त भएको हेर्न मन लाग्छ
बुद्ध जस्तै ज्ञान गुणका कुराहरू
सबैलाई सिकाउन मन पर्छ।

यहि देशमा जन्म लियौं
यसको भलो गर्ने तथा
शान्त र आनन्द जीवन बिताई
यहि देशमा मर्न मन लाग्छ।



Downloaded from http://www.dhamma.digital

# छलफल

– मेघदूत

खोई, आज त थोरै सदस्यहरू मात्र सभामा उपस्थित छन् नि कसो ? उत्तर दिने क्रममा एकजना सदस्यले भन्नथाल्यो—"हिजो पानी परेकोले जाडो निकै बढेको छ। फेरि आजभोली विवाहको लगन। त्यसैले धेरैजसोलाई विवाह भोजको निमन्त्रणाले अलमल्याएको देखिन्छ। त्यसैले आज सदस्यहरुको संख्यामा कमी आएको होला।"

अर्को एकजनाले सोध्यो—"होइन, श्रामणेर र भिक्षु शब्दमा के फरक छ ? म यस विषयमा जान्न उत्सुक छु।"

यस्तो प्रश्न त भिक्षुहरू सँगै सोध्नपाए बेश हुन्थ्यो। किनभने यो त विनय नियम सम्बन्धी कुरो पऱ्यो।

ल, आज त ठीक मौकामा नै भन्ते (भिक्षु) एकजना पनि आइपुग्नु भयो। राम्रै भयो। भरखरै यहाँ श्रामणेर र भिक्षु शब्दमा के फरक छ भन्ने बारे प्रश्न उठिरहेको थियो। त्यसैले यसबारे प्रष्ट पारिदिनु भए राम्रो हुने थियो।

यो कुरो सुनी भिक्षुले भन्नुभयो—"श्रामणेर र भिक्षु दुबै व्यक्तिको वस्त्र पहिरनमा केही फरक छैन। तर दुबैले पालन गर्नुपर्ने नियमहरूमा भने थुप्रै फरक छन्। बुद्धकालीन समयमा शुरु शुरुमा श्रामणेर भन्ने अलग्ग व्यक्ति नै थिएन। त्यसबेला त भगवान् बुद्धले "एहि भिक्खु" अर्थात् यहाँ आउ भिक्षु भनी सम्बोधन गर्ने बित्तिकै भिक्षु कहलिन्छ। तर धेरै वर्ष पछि यस संघमा ज्ञान हीन केटाहरू पनि भिक्षु बन्न आए। यसरी विभिन्न स्वभावका र विभिन्न थरीका व्यक्तिहरू संघमा सम्मिलित हुन थालेपछि यस समस्यालाई हटाउनका लागि भिक्षु संघको विधिवत् संगठन गरियो। अनि मात्र २० वर्षभन्दा मुनि उमेरका व्यक्तिहरू त्यागी भएपनि भिक्षु संघका सदस्य हुनबाट बञ्चित गर्ने नियम बनाइयो। पहेँलो वस्त्र धारण गरी त्यागी भएर २० वर्ष उमेर पुगिसकेको व्यक्तिलाई मात्र उपसम्पदा दिक्षा दिई भिक्षुत्वको उपाधि प्रदान गर्ने नियम बनाइयो। पहेँलो वस्त्र धारण गरी त्यागी भएता पनि २० वर्ष उमेर नपुगेसम्म त्यस व्यक्तिलाई भिक्षु होइन श्रामणेर कहलाइयो। श्रामणेरहरूले दशवटा मात्र शील पालन गरे पुग्छ भने भिक्षुहरूले जम्मा २२७ वटा नियमहरू पालन गर्नु जरुरी भएको कुरा उल्लेख गरिएको छ। शुरुमा धेरै कम नियम थियो। बुद्धको पालामा नै भिक्षुहरूले जम्मा १५० वटा मात्र नियमहरू पालना गरे पुग्थ्यो। पछि यी नियमहरू थपिंदै गएका थिए।

फेरि एकजनाले प्रश्न गरे—"हालै अखबारमा छापेको थियो, भिक्षु अस्सजीको सभापतित्वमा कार्यक्रम एउटा सम्पन्न गरियो भनेर। तर अस्सजीत अहिलेसम्म पनि श्रामणेर नै हुनुहुन्छ उपसम्पन्न भएको छैन। किन भिक्षु भनियो उहाँलाई ?"

यस प्रश्नको उत्तर यसरी प्राप्त भयो—"साधारण जनमानसका लागि पहेँलो वस्त्रधारी सबै व्यक्तिहरू श्रामणेर नै रहे पनि त्यागी भिक्षु नै हुनेछ। अनगारिका गुरुमाँहरूलाई पनि भिक्षुणी नै सम्झी सम्मान गर्छन्। अखबारमा श्रामणेर भनेर छाप्दा यसको अर्थ धेरैजसोले बुझ्न सक्दैनन्। त्यसैले श्रामणेर र अनगारिका गुरु-आमाहरूलाई भिक्षु र भिक्षुणी भनी छापियो भन्दैमा यसमा कुनै आपत्ति देखिदैन। बरू अनगारिका भनेर लेख्नु पर्ने ठाउँमा अनागरिका वा अनागारिका भनी



Downloaded from http://www.dhamma.digital

अपभ्रंस शब्दहरू लेख्नु आपत्तिजनक मानिन्छ। पाली साहित्यमा कहिं कतै पनि अनागारिका भनी लेखिएको पाइँदैन। पाली साहित्यमा यसरी मात्र लेखिएको पाइन्छ —"अगारस्मा अनगारियं पब्बजि" अर्थ घरबाट निस्की त्यागी वा प्रव्रजित भएको अर्थात् घर नभएको भिक्षु।"

एकजनाले सोध्यो — कतिपय विहारहरूको शीलापत्रमा यसरी लेखिएको छ—"चतुर्दिशाबाट आगत अनागत भिक्षु संघ (बस्नलाई) लाई दान।" के सबै भिक्षुहरू यसरी संघदान दिइएको विहारमा बस्ने अधिकार छैन ?

यो त बडो जटिल प्रश्न आयो नि भन्नुहुँदै भिक्षुले भन्नुभयो—"शीलापत्रमा लेखिए अनुसार त्यस्तो विहारमा बस्ने अधिकार सबैजसो भिक्षुहरूलाई छ। तर बसे जस्तो विहारको नियमहरू पनि पालन गर्न सक्नु पर्‍यो नि। शान्तपूर्वक अनुशासित भई बस्नु सबै भिक्षुहरूको कर्तव्य पनि हो। विहारमा बस्न आउने भिक्षुहरू सबैलाई खानाको व्यवस्था पनि गर्न सक्नु पर्‍यो। खानाको व्ययभार कसले उठाउने नि ? मुख्य समस्या त यही देखिन्छ। बनेवा ध्यानकुटीको एक घरमा राखिएको शीलापत्रमा "चारै दिशाबाट आएका भिक्षु संघलाई दान" भनेर लेखिएको छ। तर त्यही घरमा बस्ने एकजना मात्र पाहुना भिक्षुलाई जलपान र भोजनको लागि महिनामा रू. १०००।– देखि १५००।– सम्मको खर्च चाहिन्छ।

त्यसैले होला श्रीलंकामा सांघिक विहारमा बस्ने प्रमुख अधिकारीको नियमानुसार त्यहाँ कोही पनि आगन्तुक (पाहुना) भिक्षु ७ दिनसम्म मात्र बस्न पाइन्छ। कलकत्ताको महाबोधि सोसाइटी विहारमा अरू ४ दिनसम्म मात्र बस्न पाइन्छ। तोकिएको दिन भन्दा बढि बस्यो भने पैसा तिर्नु पर्छ। त्यस्तै काठमाडौंको धर्मकीर्ति विहारको एक पाहुना कोठामा लेखिएको छ— "यस कोठामा पाहुनाहरू दश दिन मात्र बस्न सकिन्छ।" यसरी नियम बनाउनुमा पनि बाध्यता नै देखिन्छ। किनभने यसरी नियम बनाइएन भने पनि दीर्घकालीन व्यवस्था टिकाउन असम्भव हुन्छ। कहिले कहीं भिक्षुहरू विदेशबाट ४–५ महिनासम्म बस्ने गरी पनि आउँछन्। तिनीहरूको लागि दैनिक खानाको व्यवस्था कसरी मिलाउने ? यतातिर पनि दाताहरूको पक्षबाट विचार पुर्‍याउनु पर्ने नै देखिन्छ। चारै दिशाबाट आएका भिक्षु संघलाई दान दिने भन्नु त राम्रै कुरा हो। तर......

कुनै कुनै विहारमा भिक्षुहरू अनुशासनहीन र स्वेच्छारी बनी विहारलाई धर्मशालाको रूपमा लिई बसेका देखिन्छन्। विहारबाट बाहिर जान आफ्ना गुरुसँग अनुमति लिने र नियमपूर्वक विहारमा बस्नु पर्छ भन्ने धारणालाई नै बिर्सिदिएको देखिन्छ। संघलाई आदरपूर्वक दान दिने प्रथा त राम्रै कुरो हो तर यसमा व्यवस्था राम्रो हुन नसक्नु खेदपूर्ण कुरो भएको छ।"

अर्को एकजनाले फेरि प्रश्न उठायो—"भिक्षुहरूलाई प्राप्त भएको दान तिनीहरूले के गर्छन् नि ?"

उत्तर—"प्रश्न राम्रो गर्नुभयो। हुनत भिक्षुहरूले प्राप्त भएको दान नियमानुसार खानाको लागि खर्च गर्नु पर्ने हो। तर आफू बसेको विहारको मर्मत सम्भार, चर्पी निर्माण र अन्य आवश्यक सामानहरूको किनमेल आदि कार्यमा पनि खर्च गर्नु पर्ने हुन्छ नि।"

फेरि प्रश्न उठ्यो—"कतिपय विहारका विहार प्रमुखले विहार संरक्षण कार्यहरूमा त्यति ध्यान दिएको देखिदंन भन्ने सुन्नमा आउँछ नि।"

उत्तर आउँछ—"खै यस विषयमा मलाई राम्रो थाहा भएन।"

छलफलमा भाग लिन आएका अधिकांश सहभागीहरूले भनथाले—"आज त भन्ते (भिक्षु) एकजना पनि हाम्रो छलफल कार्यक्रममा आउनु भएकोले यस कार्यक्रमबाट भिक्षु र विहारहरूबारे थुप्रै नौलो कुराहरू सुन्न पायौं। राम्रो भयो। हामीलाई त निकै हर्ष लाग्यो। अबेर पनि भयो। टाढा टाढाबेखि आउनु भएका सदस्यहरू पनि हुनुहुन्छ। त्यसैले आजको छलफल यतिमा नै टुंग्याऔं।" 卐



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी विचार

– भिक्षु विमलानन्द
उपाध्यक्ष लुम्बिनी विकास कोष

लुम्बिनी विश्वको एक साझा धर्मस्थल वा तीर्थस्थल हुन् । यस पवित्र पावन स्थलको माया मन्दिर र बुद्ध मन्दिरहरूमा दर्शन गर्ने सबै मानव वर्गका लागि समान रूपले ढोका खुल्ला छ । विश्वका साझा महामानव हुनु भएका बुद्ध जन्मनु भएको भूमि लुम्बिनीको विकास कार्यका लागि विश्वका बिभिन्न देशहरूले श्रद्धा प्रकट गरी आर्थिक सहयोग दिंदै आइरहेको देखिन्छ । यसरी सहयोग प्रदान गर्ने दाताहरूको मनमा आफूले प्रदान गरेको सहयोगले लुम्बिनी विकास कार्यमा के कति प्रगति भइरहेका छन् भन्ने विषयमा ध्यान जानु स्वभाविक नै हो । तर लुम्बिनीको विकास कार्यले कछुवाको गति लिइराखेको हुँदा उनीहरूले यसबारे गुनासो पोख्नु पनि स्वभाविक नै देखिन्छ । चीन सरकार र बर्मा सरकारको तर्फबाट लुम्बिनी विकास कार्यमा तीव्रता ल्याएको छ । (सं०)

बुद्ध मानव शान्ति र कल्याणको लागि यस लोकमा जन्मनुभएको नाताले लुम्बिनीलाई पर्यटन स्थलको रूपमा भन्दा पनि एक पवित्र धार्मिक र आध्यात्मिक स्थलको रूपमा लिई यस स्थललाई शान्तिका पावन भूमि बनाउनमा नै बढि महत्व देखिन्छ । त्यसैले होला विश्वका महान दार्शनिक बैज्ञानिक बिद्वानहरूले चेतावनी दिंदै भनेका छन् । "बुद्धले गृहत्याग गरी पाउनु भएका सत्यज्ञानलाई न अंगालेसम्म कुनै पनि अवस्थामा पनि विश्व शान्ति र मानव शान्ति प्राप्त गर्न सक्दैन ।"

मेरो विचारमा लुम्बिनीमा शान्तिको नाममा भव्य महल, शान्ति बन, शान्ति दीप, शान्तिका फुलवारी आदि मात्र भएर पुग्दैन । यसको अलावा यस शान्ति भूमिमा शान्तिका विचारधाराले युक्त भएका व्यक्तिहरू, कर्मचारीहरू. जनताहरू, मन्दिर र बिहारहरूको पनि उपस्थिती आवश्यक देखिन्छ । यति मात्र होइन यहाँ पर्व पर्वमा पूजा पाठ, प्रवचन, भजन र ध्यान भावना सहितको शिक्षा दिक्षा चलाई शान्त वातावरण स्थापना गर्ने धार्मिक बस्तीको आवश्यकता पनि देखिन्छ । यस पुनित भूमिको विकास कार्यमा राजनैतिक पक्षको दवाब होइन निष्पक्ष र निष्कपटपूर्ण स्वच्छ भावले सेवा गर्न आवश्यक देखिन्छ । त्यसकारण दिनको आठ घण्टा काम गरी पाउने ज्यालामा आधा घण्टा मात्र भएपनि निःशुल्क रूपमा बढि समय सेवा गर्न सके त्यो पनि त्याग भावना सहितको धर्मचित्त उत्पन्न भएको ठहरिन्छ । बिकास कार्यका लागि कर्मचारी र मजदूरहरूको नयाँ संख्या मात्र बढाई ज्यालाको रकम खर्च गर्नुभन्दा भएका पुराना कर्मचारीहरूले के कति मात्रामा आफ्ना कर्तव्य निभाएका छन् र सहयोगको रूपमा आएको आर्थिक व्ययको सही सदुपयोग भइरहेको छ वा छैन सो बारे राम्रो ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । आगोले खाई सिध्याउने धन धुँवाले नै खाई सिध्याइदिने उखान जस्तै लुम्बिनी विकास कोष सखाप नहोस् र देश विदेशका आर्थिक सहयोगी दाताहरूका आशा र विश्वासलाई धक्का नपुगोस् भन्ने विचारले यो कुरो लेख्दैछु । ★

---

आजका बैज्ञानिक आवश्यकतालाई सुहाउने कुनै धर्म छ भने बुद्ध धर्म नै छ ।
– अल्बर्ट आइन्स्टिन



Downloaded from http://www.dhamma.digital

# आफ्नो बत्ती आफैं बनौं

गौतम बुद्ध मृत्यु शैयामा थिए। उनका शिष्य आनन्द नजीकै बसेर उनको सेवा गरिरहेका थिए। त्यहीबेला भद्रक (सुभद्र) नामक एकजना अर्का शिष्य रुँदै त्यहाँ आए। उनी रोएको आवाज बुद्धको कानमा पर्ने बित्तिकै बुद्धले भिक्षु आनन्दसँग सोधे—"आनन्द! को रोइरहेको ?"

आनन्दले जवाफ दिए—"भन्ते भद्रक (सुभद्र) तपाईंको अन्तिम दर्शन गर्न आएको छ।"

बुद्धले तुरुन्तै उनलाई बोलाउन पठाए। भद्रक (सुभद्र) आउने बित्तिकै बुद्धको खुट्टामा छाँद हाल्न पुगे र जोडले रुनथाले।

बुद्धले स्नेहपूर्वक उनलाई रुनुको कारण सोधे।

"भन्ते! तपाईं हाम्रा सामु नहुनु भएपछि हामीलाई कसले प्रकाश देखाउँछ ?" भद्रकले रुवाई बन्द गर्दै आफ्नो मुख खोले।

बुद्धले स्नेहपूर्वक भद्रक (सुभद्र) को टाउकोमाथि हात राखेर उपदेश दिए—"भद्रक! प्रकाश भित्रै छ, यसलाई बाहिर खोज्नुपर्ने आवश्यकता नै छैन। जो अज्ञानी छ, उसले मात्रै यसलाई देवस्थलहरूमा, गुफाहरूमा, तीर्थस्थलहरू आदिमा भौतारिदै खोज्ने चेष्टा गर्छ र उ अन्त्यमा निराश हुन्छ। यसको विपरीत मन, वचन र कर्मले एकनिष्ट भएर साधनामा लाग्ने मानिसहरूको अन्तःस्करण स्वयं प्रकाशमय हुन्छ।

"अत्तदीपो भव" आफ्नो बत्ती आफै बन। (अर्थात् आफ्नो खुट्टामा आफै टेक्न कोशिस गर)।

यही नै गौतम बुद्धको अन्तिम सन्देश थियो। यसैको प्रचार प्रसारका लागि भद्रक (सुभद्र) ले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे। ★

साभार – मूल्यांकन मासिक पत्रिका

# बोल्ने कला
## (चीनिया नीति कथा)

बोल्न सक्ने तर के बोल्दा के प्रभाव पर्छ भन्ने पत्तो नपाउने एकजना महाशयले आफ्नो घरमा रात्रि भोजको आयोजना गरेका रहेछन्। तर भोज शुरु हुने बेलासम्म पनि सबै पाहुनाहरू उपस्थित भइसकेका रहेनछन्। ५० जना पाहुनाहरू आउनु पर्नेमा जम्मा ३० जना मात्रै उपस्थित देखेपछि उनले आफ्नो स्वाभाविक शैलीमा भनेछन्—"खै, आउनु पर्ने मान्छे त अझै आएनन् नि!" उनको कुरा सुनेर उपस्थित पाहुनाहरू मध्ये केहीले सोचे, आउनु पर्ने मान्छे त आएनन्, यसको मतलब हामी त नआउनु पर्ने मान्छे पो रहेछौं।" यति सोच्ने बित्तिकै उपस्थित ३० जना मध्ये १० जना त्यहाँबाट निस्के।

ती महाशयले आइसकेका पाहुना पनि फर्केको देखेर फेरि भने, "नजानु पर्ने मान्छे पनि गए।" यो कुरालाई पनि बाँकी पाहुना मध्ये केहीले अर्कै अर्थमा लिए—"ओहो,...उनीहरू नजानु पर्ने मान्छे भए जानु पर्ने मान्छे त हामी पो रहेछौं।" यति सोची फेरि अरू १० जना पाहुनाहरू पनि त्यहाँबाट निस्केर गए।

यस पटक महाशयलाई आफूले गल्ती बोलेको जस्तो आभास भएछ र उनले आफूलाई प्रष्ट पार्ने हेतुले भने, "मैले उनीहरूलाई लक्ष्य गरेर त्यसो भनेको होइन।" यो वाक्यको पनि अर्कै अर्थ निक्ल्यो। बाँकी १० जना पाहुनाले सोचे उनीहरूलाई लक्ष्य नगरेको भए हामीलाई नै लक्ष्य गरेको होला। यति सोचेर बाँकी १० जना पनि भोज नखाएरै त्यहाँबाट निस्केछन्।

अनु. – दिलीप आचार्य, टंगाल

Downloaded from http://www.dhamma.digital

# सही ज्ञान हुनुपर्छ

एक ठाउँमा बेलको रूखको एउटा ठूलो वन थियो । त्यस वनमा विभिन्न किसिमका जनावर रहन्थे । ती मध्ये एउटा नटखट् खरायो बेलको रूखमुनि निवास गर्दथ्यो । एकदिन खाना खाइसकेपछि आराम गर्न आफ्नो निवासमा गयो । त्यहाँ बसेर मनमनै सोच्न थाल्यो—"यदि यो महापृथ्वी पल्टिएमा कहाँ जाने होला ।" त्यसै समयमा एउटा पाकेको बेल नजिकैको तालबृक्षको पातमाथि खस्यो । यसको आवाज सुनेर "अवश्य पनि पृथ्वी पल्टिदैं छ" भन्दै उफ्रेर भाग्यो । आफ्नो ज्यान जोगाउन बेगले भागिरहेको नटखट् खरायोलाई देखेर अर्को खरायोले सोध्यो—"साथी ! यस्तो भयभित भएर किन कुदेको ?"

"भो केही नसोध !"

"किन डराएको ? किन डराएको ?" भन्दै अर्को खरायो पनि त्यसको पछि पछि दौड्न थाल्यो ? नटखट्ले भन्यो—"यहाँ पृथ्वी पल्टिदैं छ ।"

"साँच्चै हो ! भन्दै त्यसको पछि लाग्यो । उनीहरूको कुरा सुनेर अरू खरायो पनि पछि लागे । खरायोको एक जमातलाई मृगले देखे । त्यस्तै जजसले देखे ती सबै पृथ्वी पल्टिदैं छ भन्ने भयले आफ्नो ज्यान जोगाउन त्यस बथानमा सामेल भए ।

यति धेरै संख्यामा जनावरहरू भागेकोले जंगलमा ठूलो आवाज आइरहेको थियो । भयले त्रसित विभिन्न जनावरहरूको रुवाईले जंगल गुञ्जाएमान थियो ।

त्यस जंगलका राजा सिंह थियो, उनको नाम "बोधि" थियो । नाम झैं त्यो सिंह बुद्धिमान तथा ज्ञानवान थियो । आफ्ना साथीहरू त्रसित हुँदै भागेको देखेर सिंहले सोधे, "साथी हो, किन भागेको, के भयो ?" ती मध्ये एकले भने "यहाँ पृथ्वी पल्टिदैं छ ।" सिंहलाई आश्चर्य लाग्यो । एकछिन सोच्यो "पृथ्वी पल्टिने ! यो त कहिल्यै हुन सक्दैन । अवश्य पनि यिनीहरूको भ्रम हुन सक्छ । यदि मैले केही गरेन भने यी सबैको विनाश हुनेछ । यिनीहरूलाई बचाउनेछु" भनी सोची सिंह अगाडिको पर्वतको फेदीमा गई तीनपटक सिंहनाद गरे । सिंह गर्जेको स्वरले भयभित भई सबै जनावर एक ठाउँमा जम्मा भए ।

सिंहले सोधे, "किन भागिरहेका हौ ?"

"पृथ्वी पल्टिदैं छ ।"

"कसले पृथ्वी पल्टेको देख्यो ?"

"हात्ती जान्दछ ।"

"हात्ती, तिमीले देखेका छौ ?"

"होइन, भालु जान्दछ ।"

यस्तै सोध्दै जाँदा उसले फलानो, ढिस्कानो गर्दै अन्तमा नटखट्सम्म पुग्यो । नटखट् खरायो मरण भयले त्रसित त्यसमा पनि सिंहको अगाडि भयले काँपिरहेको थियो । "नटखट् तिमीले कसरी थाहा पायौ पृथ्वी पल्टिदैं छ भनेर ?"

"हो, स्वामी ! मैले देखेको । मेरो निवासमा लेटिरहेको समयमा मैले यस्तो सोच्नथालें कि पृथ्वी पल्टियो भने कहाँ जाने होला ? त्यसै समयमा पृथ्वी पल्टेको ठूलो आवाज सुनें । त्यो आवाज सुनेर भागेको हुँ ।"



Downloaded from http://www.dhamma.digital

नटखद्को वर्णन सुनेर सिंहले कुरा बुझ्यो, यिनीहरूलाई प्रत्यक्षतः देखाउने छु भनी सोची "ल जाऊँ, पृथ्वी खसेको हेरौं, भनी सिंहले खरायोलाई पिठ्यूँमा हाले र बाँकी सबैलाई त्यहीं बसिरहन भने।" सिंह वेगले कुदे। त्यस ठाउँमा पुगेपछि, खरायोले आवाज आएको ठाउँ देखाइदिए। त्यहाँ तालको पात-माथि खसेको बेल देखेर सिंहले निश्चित गऱ्यो। फेरि सबै जनावरहरू भएको ठाउँमा आई सबैलाई आश्वासन दिंदै सिंहले भने—

"यथार्थ के हो नजानिकन आर्काको लै लैमा लाग्नाले आफूले दुःख पाउँछ, यो मूर्खपन हो।"

"जो शीलवान् हुन्छ, प्रज्ञावान हुन्छ, ऊ शान्त हुन्छ, त्यस्ता बुद्धिमानी अर्काको हा.. हा.. मा लागी आँखा चिम्लेर अनुसरण गर्दैन। अन्ध श्रद्धाबाट टाढा रहन्छन्।"

– (दछभ जातकमा आधारित)

## हार्दिक श्रद्धाञ्जली



दिवंगत उपासिका श्रीमती बेलमाया सिंह श्रेष्ठ

यस काशीवर्ण बुद्ध विहारका उपासिका श्रीमती बेलमाया सिंह श्रेष्ठ (जन्म १९९६ साल परलोक २०५२ ८।२४ गते) का दिन असामयिक निधन हुनु भएकोले वहाँको निर्वाणको कामना गर्दछौं।

– श्री काशीवर्ण बुद्ध विहार
पनौती, सेवा समिति परिवार

# हौ तिमी बौद्ध

– भिक्षु विशुद्धानन्द

छैन अन्यत्र शरण मेरो त्रिरत्न बिना
भनेर सर्मापित छौ भने हौ तिमी बौद्ध

जस्तो जस्तो कर्म त्यस्तै त्यस्तै फल
आफूले नगरेसम्म छैन अरूको भर
जात पात विरोधी कर्म गुण ठूलो
परम्परा होइन चिन्तन नै प्रधान
भनेर बोध छ भने हौ तिमी बौद्ध

मान्दैन अरूलाई आफ्नो शत्रु
हो शत्रु आफ्नै मानसिक विकार
छैन कोही आफ्नो मित्र आफन्त
मानवीय गुण नै सहयोगी सहाय
भनेर स्वीकार्छौ भने हौ तिमी बौद्ध

क्षमताले भ्याएसम्म गर्ने पुण्य दान
विवेकले दिएसम्म गर्ने पालन शील
स्वस्थ भएसम्म गर्ने भावना ध्यान
समय समयमा हुने चीवरधारी प्रव्रजित
भनेर गर्दछौं भने हौ तिमी बौद्ध

बिना आर्य सत्य हुँदैन कोही ज्ञानी
छुट्दैन ईश्वर आस्था प्रतीत्य समुत्पाद बिना
हुँदैन निर्वाण बिना आर्य अष्टाङ्गिक मार्ग
बत्ती निभे जस्तै फर्किन्दैन फेरि अरहन्त
भनेर विश्वास छ भने हौ तिमी बौद्ध

★★★



Downloaded from http://www.dhamma.digital

# हे मन

– राज शाक्य, कालिम्पोंग

हे मन !
तिमी हौ जीवन
तिम्रो ईच्छाले नै
जन्म हुन्छ
मानव तन ।

हे मन !
तिमी नै हौ कर्म
सत्‌गति, अगति दिलाउने
भई कर्ता
जन्म मरण चक्रमा घुमाउने ।

हे मन !
तिमी हौ चंचल
दिन्छौ रोग
बेचैनी, अशान्ति, व्याकुलता
अंगाली द्वेष ईर्ष्या ।

हे मन !
तिमी नै हौ तारक
पन्छाई विकार, अपनाए विपश्यना
पुर्‍याउने भव पार
गरे शुद्ध चित्त भावना ।

हे मन !
अतः
तिमी नै रहेछौ
ईश्वर पनि शैतान पनि
मानवताको ।

★★★

# भिक्षु देवदत्तया कुचालं

– पुष्पराज शाक्य

बिडम्बना थ्व छु जुल ! कन्हे हानं छु ज्वीगु जुइ !
दैव नं मृत्युं लिका पुलुपुलु छु स्वइच्वंगु जुइ !
ऋद्धि सिद्धि तन्त्रवान देवदत्तया स्वार्थ कुचालं
इच्छा पुरे यात वं बौ ग्यांलाका म्वाः म्वाक कुनां
माँ बौया नुगचुइ घाः याना, निम्ह निखे फाया
छु काय् दै धका, हे अजात ! छ थःहे सम्राट जुया
गुलि माया गुलि स्नेहं व पुतायात माया याइगु
लुमंके नं मय्‌ल वया व पशु ! पापी !! मूर्खयात
हा ! हा ! छु ज्वीन आः, अधर्मी लोके उलि सना
सुखानुभवं जीवन हन स्व, चंक्रमण हे याना

# 'सेरि बन्जा'या नुगः हील

स्वार्थया डुंगाय् च्वना तरे ज्वीमखु मनू
छन्हु मखु छन्हु लोभं चुइक यंकिइ मनू
कायेगु बिइगु छंगु ज्या छल यायेगु मखु
बिचाः याना स्व मनू भिंपिं अथे ज्वीमखु
बोधिसत्व वल अन माःगु मू सुम्क बिल
अति लोभी 'सेरिवां' म्वाःहि नापं ल्ह्वत

# म्ये

छु जूगु थ्व जिगु मन
छु जूगु थ्व जिगु तन
न्यासि न्यासि चाल
मने छु छु धाल
खुलुलुं मिन मन
मखंतले व सुथें कतः थें छु मखुथें
खंसांनिसें वैगु ख्वाः ह्वाई ! गथे लोमंकेगु आः
व परदेशीया मिखाय् नं जि लूसा ज्यू
धायें माया वैके दुसा ह्वाई । गथे मबई हानं छन्हु

Downloaded from http://www.dhamma.digital

# महावने धर्मदेशना

प्रस्तुति – हेराकाजी सुजिका

देशना जूगु दिन माघ पुन्ही ।

आयुष्मान आनन्द ब्वना भगवान् महावन कूटागारशालाय् बिज्याना आनन्दयात आज्ञा जुया बिज्यात—"हुं, आनन्द ! बैशाली च्वंपि फुक्कं भिक्षुपिन्त उपस्थानशालाय् मुंकी ।" ज्यू हवस् भन्ते ! धका आनन्दं भगवान्यात लिसः बिया बंशाली च्वंपि फुक्कं भिक्षुपिन्त उपस्थानशालाय् मुंका भगवान् बुद्धयाथाय् बिज्याना वसपोलयात अभिवादन याना छखेलिना बिज्यात । छखे लिक्क च्वना आनन्दं बुद्धयात थथे बिन्ति याना बिज्यात—"भन्ते ! भिक्षु संघ मुनेधुंकल । भन्ते ! आः छुयाना बिज्यायगु ई खः अथे याना बिज्याहुं ।"

अनंलि बुद्ध उपस्थानशालाय् बिज्याना लायातःगु आशने पयतुना बिज्यात । वसपोलं भिक्षुपिन्त आमन्त्रण याना धयाबिज्यात—"भिक्षुपिं जि देशना यानागु धर्म अभिज्ञायात छिमिसं बांलाक सयकाः सेवन या, अभ्यास बढेया, गुकियाना ब्रह्मचर्य, (बुद्ध शासन) बहुजन हित व सुखया निंति लोकया अनुकम्पा व देव मनुष्यपिनि हित सुखया निंति जुइमा । जि उपदेश यानागु धर्म अभिज्ञा छिमिसं बांलाक पालन व सेवन याना भावना बढे याय्‌व हे तिनि थुगु ब्रह्मचर्य (बुद्ध शासन) चिरस्थायी ज्वी । १. प्यंगू स्मृति प्रस्थान, २. प्यंगू सम्यक प्रधान, ३. प्यंगू ऋद्धिपाद, ४. न्यागू इन्द्रिय, ५. न्यागू बल, ६. न्हेगू बोध्यंग, ७. आर्य अष्टाङ्गिक मार्ग आदि थुपिं अभिज्ञा देशनायात छिमिसं बांलाक सेवन व भावना (अभ्यास) याय्‌वं तिनि बुद्ध शासन चिरस्थायी ज्वी फइ । अलेतिनि :बुद्ध शासनं बहुजनया हित व सुख याय्‌फै ।

अनंलि भगवान् बुद्ध भिक्षुपिन्त आमन्त्रण याना धयाबिज्यात—"भिक्षुपिं ! संसार नाशवान खः । उकें छिपिं अप्रमादी जू । याकनं हे तथागत परिनिर्वाण ज्वीन । थनि स्वला लिपा तथागत परिनिर्वाण जुया बिज्याइ ।"

बुद्धं थथेनं आज्ञा जुया बिज्यात—"जिगु आयु परिपक्व ज्वी धुंकल । जिगु जीवन भचा जक दनि । छिमित तोता वने त्यना । जि थःम्हं याय्‌बहःगु ज्या याय् धुन । भिक्षुपिं लापरवाही मजूसे होशियारी व चरित्रवान जू । संकल्पयात क्वातुका थःगु चित्त रक्षा या । गुम्हसिनं थुगु धर्म विनये अप्रमाद जुया उद्योग याइ, वं जन्म मरणया (आवागमन) संसारयात तोता दुःखयात अन्त याइ ।"

साभार – दीघनिकाय महापरिनिर्वाण सूत्र

## 'ई व लुमन्ति' (चिनाखँ)

– संजय 'जुजु' भोजपुर

थौंकन्हे मनूतय् तसकं लिमलाः
गन छु जुया च्वन सीकेगु दुगु मखु कुतः
थः गन छु याना च्वना बिचाः मगाः
छुं भति लि लाका स्वयेगु तःगुमखु मन ।
गुलिं मनूत अर्हतपद व ब्रह्मत्व मालाच्वन
थौंयापिसं 'ई–थेबा व ज्या–जिन्दगी' धयाच्वन
'स्वया शक्ति वया भक्ति दु' धायेबले समानता
गन वन इमिगु न्वचु, नैतिकता व मानवता ?
दैमखु ज्याथःपिनि शक्ति मखु स्मरण
दुगुमखु थौंयापिनि क्व व्यस्तताया कारण
मगाः जुल शतर्कता व मानवताया पाठं
गुलिसित बूगु सिसाःफल व वाउंगु सागपात ।





Downloaded from http://www.dhamma.digital

### स्वागत कार्यक्रम

२०५३ पौष २० गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले धर्मकीर्ति विहारमा भिक्षु उपालीको नेतृत्वमा बर्माबाट पाल्नु भएका १३ जवान भिक्षुहरूलाई स्वागत कार्यक्रमको आयोजना गरियो । अध्ययन गोष्ठीको चार प्रमुख उद्देश्यहरू मध्ये एक बौद्ध विद्वानहरूको स्वागत गर्ने उद्देश्य अनुरूप सम्पन्न उक्त कार्यक्रममा अध्ययन गोष्ठीका सचिव श्री अगम्यरत्न कंसाकारले स्वागतका साथ-साथै गोष्ठीको परिचय दिनुभएको थियो ।

सम्बोधन गर्ने क्रममा बर्माबाट आउनु भएका भिक्षु उपालीले "भगवान् बुद्धको शिक्षा अनुसार मूर्खहरूको संगत गर्नु हुँदैन, बुद्धिमानिहरूको सगत गर्नु पर्दछ" भन्नु हुँदै हाम्रो जीवनमा नभई नहुने चार सम्पदा (सम्पति) हरूको बारेमा प्रष्ट गर्नुभयो ।

१– उत्थान सम्पदा—उत्थान सम्पदा भनेको काम गर्छु भनी आँट गर्दा अल्छी नमानीकन समयमा नै कार्य सम्पन्न गर्नु पर्दछ ।

२– आरक्ख सम्पदा—आरक्षा गर्नु नै आरक्ख सम्पदा हो ।

३– कल्याणमित्तता सम्पदा—सबैको कल्याण साचेर गरिने कल्याणकारी कार्य कल्याणमित्र हुनु ।

४– समजीविकता सम्पदा– अन्याय, अत्याचार, नगरिकन सबैसँग मिलेर बस्ने । अर्को अर्थमा भनू भने आम्दानी अनुसार खर्च गर्नु सक्नुपर्छ ।

यी चार नियमलाई पालना गर्न सकेमा यो वर्तमान जीवनमा मात्र नभई पछि पछिसम्म पनि सुख शान्ति मिल्छ भन्नुभयो ।

उक्त कार्यक्रममा धर्मकीर्ति विहारकी अनगारिका धमेली गुरुमाले लोभको र ईर्ष्याको वशमा परेपछि मानिसले हुने नहुने पाप गर्न पुग्छ भन्नु हुँदै एक लोभी भिक्षुले आफ्नो स्वार्थ पूर्ति गर्नको लागि उपासक उपासिकालाई चुकुली गरी एक सच्चा भिक्षुलाई तिरस्कृत गराएको बुद्धकालीन उपमा प्रस्तुत गर्नुका साथै लोभ के हो र भयबाट हुने हानी र भयको वशबाट उम्कने तरिका बारे प्रष्ट पार्नुभयो ।

गोष्ठीका सदस्य श्री चिनीकाजी महर्जनको सभापतित्वमा संचालित उक्त कार्यक्रमको रिपोर्टिङ्ग सुश्री तारा महर्जनले गर्नुभएको थियो ।

### "नेवारी समाज र बुद्ध धर्म"

२०५३ साल माघ १२ गते, धर्मकीर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उद्देश्य अनुरूप बेला बेलामा बौद्ध लगायत अन्य विभिन्न विद्वानहरूलाई निम्त्याई उनीहरूबाट कक्षा संचालन गर्ने क्रममा उक्त दिन बेलायती नागरिक डा. डेबिड गेलनरबाट नेवारी समाज र बुद्ध धर्म विषयक कक्षा संचालन गरियो ।

उक्त कक्षामा डा. गेलनरले विभिन्न यानहरूको बारेमा प्रष्ट पार्नु हुँदै चार दिनसम्म चुडाकर्म गरी गरिने श्रावकयान, पुरानो श्रावकयान र थेरवादको समानता, सम्पूर्ण प्राणी जगतको कल्याणभाव तथा गृहस्थी बनेर देवताहरूलाई मान्ने महायान र सोसँग केही सामन्जष्यता हुन आउने नेवारी समाजको एक जाति बज्राचार्यहरूले प्रचार गर्दै आएको बज्रयान बारे प्रष्ट पार्नुभयो र भन्नुभयो समाजशास्त्रको दृष्टिकोणले हेर्दा यी विभिन्न यानहरू र सो को मिश्रणबाट समाज-



Downloaded from http://www.dhamma.digital

लाई फाइदा त पुऱ्याएको छ तैपनि स्पष्ट धर्म भनेको के हो ? भन्ने प्रश्न उब्जाएको पाइन्छ ।

समाजशास्त्रको दृष्टिकोणले धर्म तीन प्रकारको हुन्छ ।

१– निर्वाण ।

२– समाजलाई दरिलो बनाउने धर्म ।

३– यो संसारमा मलाई मात्र फाइदा होस् भनी आफ्नो फाइदाको लागि भगवान्सँग प्रार्थना गर्नु ।

समाजशास्त्रको दृष्टिकोणले हेरियो भने १ र ३ नंबरको धर्म समाजलाई होइन आफूलाई फाइदा हुने धर्म देखिन्छ । थेरवाद बुद्ध धर्म धेरैजसो समाजलाई फाइदा हुने होइन की आफूलाई फाइदा हुने धर्ममा पर्न आउँछ । यी तीन किसिमको धर्मलाई पनि वर्गीकरण गरेर कुनै ठूलो कुनै सानो गरेको देखिन्छ । सबभन्दा ठूलो धर्म निर्वाण प्राप्त गर्नु हो भने सबभन्दा सानो धर्म आफूलाई फाइदा हुने धर्म हो भन्नुभयो ।

डा. गेलनरले भन्नुभयो—जसले जुन धर्म मानिन्छ उसलाई त्यही धर्मको विश्वास हुन्छ, त्यसकारण यही धर्म ठिक छ भनेर भन्न सकिंदैन । यस्ता विभिन्न आस्था नेवारी जातिमा पनि पाइन्छ, नेवारी समाजमा सबै जातिले बुद्ध धर्म र हिन्दू धर्म मान्ने परम्परा बन्दै आएको छ । यी बाहेक पनि यिनीहरू प्रत्येक जातिको रिति-रिवाज फरक फरक पाइन्छ ।

स्मरणिय रहोस् बेलायती नागरिक डा. गेल्नर नेपालको बुद्ध धर्म, विभिन्न जनजाति, नेवारी समाज र यिनीहरूका सौस्कृतिक तथा धार्मिक विषयमा अध्ययन अनुसन्धानको क्रममा २० वर्ष अगाडिदेखि नेपालमा आइरहनु भै विभिन्न विषयमा किताबहरू लेखी प्रकाशन समेत गरी सक्नुभएको छ ।

गोष्ठीका सचिव श्री अगम्यरत्न कंसाकारको सभापतित्वमा संचालित उक्त कार्यक्रमको संचालन श्री अरुणसिद्धि तुलाधर र रिपोर्टिङ्ग सुश्री तारा महर्जनले गर्नुभएको थियो ।

## शनिवारिय कार्यक्रम

२०५३ माघ १९ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक शनिवारिय कार्यक्रममा धर्मकीर्ति विहारकी अनगारिका वीर्यवतीले—"बुद्धको वास्तविक उपासक कसलाई भनिन्छ" विषयक कक्षा लिनुभयो ।

यसै क्रममा उहाँले भन्नुभयो—"विहारमा गई शील पालन, दान, ध्यान मात्र गर्दैमा बुद्धको वास्तविक अनुयायी हुँदैन सो हुन बुद्ध शिक्षालाई आफ्नो व्यवहारमा उतार्नु पर्छ" यस्तै मानविय स्वभाव अनुसार मानसिक उत्पीदनको कारणले क्लेश (राग, द्वेष, मोह) उत्पन्न भइरहेको हुन्छ भन्नुहुँदै सोबाट मुक्त हुनको लागि आवश्यक शील, समाधि र प्रज्ञाको बारेमा स्पष्ट पार्नुभयो । र उहाँले भगवान् गौतम बुद्धले भन्नुभएको प्रज्ञाको प्रकारको बारेमा पनि बताउनु भयो । ती हुन्—

१– राम्रो र नराम्रो छुट्याउने ।

२– राम्रो छुट्याएर नराम्रो त्याग्ने ।

३– संसार अनित्य हो भनी बुझ्ने आदि ।

श्री इन्द्रकुमार नकर्मीको सभापतित्वमा संचालित उक्त कार्यक्रमको संचालन तथा रिपोर्टिङ्ग क्रमशः श्री अरुणसिद्धि तुलाधर र सुश्री लक्ष्मी शाक्यले गर्नुभएको थियो ।

## वार्षिक भेला

२०५३ फागुन ४ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २६ औं वार्षिक भेला श्री पूर्वाराम विहार धुलिखेलमा सम्पन्न भएको छ । पञ्चशील प्रार्थनाबाट शुरु



Downloaded from http://www.dhamma.digital

भएको उक्त कार्यक्रममा श्री अमृतरत्न ताम्राकारले स्वागत भाषण गर्नुभएको थियो ।

सो कार्यक्रममा धर्मकीर्ति विहारका उपाध्यक्ष अ. अनुपमाले प्रवचन दिनुहुँदै भन्नुभयो—"बुद्धले अति दुःख सहेर प्राप्त गर्नुभएको बोधिज्ञान आजभोलि अज्ञानीवस अन्धकारमा परी दुःखमा पिल्सीरहेका व्यक्तिहरूका लागि ज्योतिस्वरूप बनी उनीहरूको आँखा उघारी सुमार्गतिर लाने साधन बनेको छ । गोष्ठीले आफ्नो लक्षित कार्यतालिका अनुसार कक्षा संचालन गरिरहेको हुनाले यसले आफूलाई दरिलो पार्न सकेको छ । "जसले रोगीको सेवा गर्छ, उसले मेरो सेवा गरेको हुन्छ" भन्ने बुद्धको वचनलाई पालन गर्दै गोष्ठीले दीन दुःखीहरूको पनि सेवा गर्न सकेमा अझ राम्रो हुने देखिन्छ ।"

गोष्ठीका सचिव श्री अगम्यरत्न कंसाकारले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा कोषाध्यक्ष श्री ज्ञानीरत्न तुलाधरले वार्षिक आय–व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । त्यस्तै उक्त कार्यक्रममा साप्ताहिक कक्षा संचालक श्री विकासरत्न तुलाधरले अध्ययन गोष्ठी र पुस्तकालयको गतिविधि प्रस्तुत गर्नुभएको थियो भने धर्मकीर्ति पत्रिकाका व्यवस्थापक श्री चिनीकाजी महर्जनले धर्मकीर्ति पत्रिकाको गतिविधि बारे प्रकाश पार्नु भएको थियो ।

भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा संचालित उक्त कार्यक्रममा गोष्ठीका पुराना सदस्यहरूको तर्फबाट श्रीमती कीर्ति तुलाधर, नयाँ सदस्यहरूको तर्फबाट सुश्री उमा मानन्धर र श्री पूर्वाराम विहारको तर्फबाट भिक्षु गुणघोष महास्थविरले पनि आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

श्री इन्द्रकुमार नकर्मीद्वारा संचालित उक्त कार्यक्रममा सुश्री मिनशोभा शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने सुश्री तारा महर्जनले रिपोर्टिङ्ग गर्नुभएको थियो ।

## लेडी जेसिसको कार्यक्रममा अध्ययन गोष्ठीका सदस्यहरू—

२०५३ फागुन ७ गते काठमाडौं लेडी जेसिसको आयोजनामा काठमाडौंको कमलादी स्थित 'द हिडन ट्रेजर'को सभाकक्षमा 'संसदीय सभा प्रणाली' तालिम कार्यक्रमको आयोजना गरियो । स्तरिय बैठक संचालन गर्ने विधिको विषयमा भिडियो प्रबिधि समेत प्रयोग गरी प्रशिक्षकद्वय श्री शरद कृष्ण श्रेष्ठ र श्री पुरुषोत्तम घिमिरेद्वारा प्रशिक्षण दिइएको सो तालिम कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका ५ जना सदस्यहरू अमृतरत्न ताम्राकार, अगम्यरत्न कंसाकार, अरुणसिद्धि तुलाधर, इन्द्रकुमार नकर्मी र ज्ञानेन्द्र महर्जनका साथै जम्मा १८ जना प्रशिक्षार्थीहरूले भाग लिएका थिए । Robert's Rule of Order मा आधारित सो एक दिने तालिममा प्रशिक्षण लिएको फलस्वरूप गोष्ठीको बैठकलाई अझ बढी स्तरिय बनाउन सकिने कुरा कार्यक्रममा सहभागी भएका गोष्ठीका सदस्यहरूले बताउनु भएको छ ।

यसप्रकारको उपयोगी एवं व्यवहारिक तालिम कार्यक्रममा गोष्ठीका सदस्यहरूलाई पनि भाग लिने मौका दिएकोमा काठमाडौं लेडी जेसिसप्रति धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

## बुद्ध धर्म भनेको के हो ?

२०५३ फागुन ११ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रम अन्तरगत यस दिन अनगारिका अनोजाले 'बुद्ध धर्म भनेको के हो' भन्ने



Downloaded from http://www.dhamma.digital

विषयमा क्लास लिनुभयो, बुद्धको शिक्षालाई व्यवहारमा नउतारेसम्म कोही पनि बौद्ध हुँदैन भन्नुहुँदै बुद्ध धर्मका विभिन्न विशेषताहरू प्रस्तुत गर्नुभयो ।

(१) सुनेको कुरामा विश्वास नगरी कसैको आशा र भरोसामा होइन आफ्नै परिश्रमको कर्म र कर्मफलमा विश्वास गरी कुनै पनि कार्यविधि आफ्नै सोचविचार पछि आफूलाई फाइदा भएमा मात्र त्यसलाई अपनाउने ।

(२) परम्परादेखि चल्दै आएको भन्दैमा त्यसलाई निरन्तरता कायम नगरी आवश्यकता र फाइदालाई ध्यानराखी नचाहिने र हानीकारक तत्वलाई हटाउनु र त्याग्नु पर्दछ ।

(३) धेरैले भन्ने तथा पालना गर्ने, ऋषिमुनि, गुरुहरूले भनेको भन्दैमा सबैलाई ग्रहण नगरी आफूलाई काम लाग्ने मात्र ग्रहण गर्नु पर्दछ । भगवान् बुद्ध स्वयमले भन्नुभएको छ—"गुरुले भनेको भन्दैमा तिमीहरूले आँखा चिम्लेर स्वीकार नगर्नु त्यो म आफूले भनेको नै किन नहोस् आफ्नो स्वतन्त्र विचारले मात्र ग्रहण गर्नु ।"

(४) पहिला पहिलाका विद्वानहरूद्वारा लिखितबद्ध भन्दैमा, त्रिपिटकमा उल्लेखित (त्रिपिटक बुद्धको बचन भनिन्छ तैपनि) भन्दैमा स्वीकार नगर्नु र खराब गुरुलाई त्याग्नु ।

(५) अनुमान र अड्कलमा भुलेर पनि विश्वास नगर्ने, ठोस् प्रमाणलाई आधार मानी मात्र कार्यविधि सम्पन्न गर्ने ।

(६) बानि परिसकेको भन्दैमा त्योहीलाई निरन्तरता नदिई व्यवहारलाई सुधारिनु पर्दछ ।

यी माथिका विभिन्न बुँदाहरूलाई मनन गरी ठीक बेठीक असल-खराब, हित अहितलाई ध्यानमा राखी स्वतन्त्र चिन्तनको प्रयोगद्वारा आफूलाई व्यवहारिकरूपमा सही ढंगबाट सुधारिएमा नै हामीले बुद्ध शिक्षा अध्ययन गरेको सार्थकता हुन्छ भन्नुभयो ।

श्री ध्रुवराज कर्णिकारद्वारा संचालित उक्त कार्यक्रमको सभापति श्री इन्द्रमान महर्जन र रिपोर्टर श्री संजय महर्जन हुनुहुन्थ्यो ।

## संस्था विकासका लागि आवश्यक तत्वहरू

२०५३ फागुन १८ गते, यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका संस्थापक सदस्य श्रीमती कीर्ति तुलाधरले कुनै पनि संघ संस्था व्यवस्थित तरिकाले विकास गर्नका लागि आवश्यक पर्ने तत्वहरूको विषयमा कक्षा संचालन गर्नुभएको थियो ।

छलफलको रूपमा शुरु गरिएको उक्त कक्षामा उपस्थित सदस्यहरू र अन्य सहभागीहरूको तर्फबाट अध्ययन गोष्ठी २६ वर्ष पुगिसक्दासम्मको मूल्याङ्कन, सशक्त संस्थामा हुनुपर्ने गुणहरू, संस्थाका विभिन्न पदाधिकारीहरू र साधारण सदस्यहरूको भूमिका आदि बारेमा आ-आफ्ना मन्तव्य व्यक्त गरिएको थियो ।

यसै क्रममा श्रीमती तुलाधरले कुनै पनि संस्थाको विकास कार्यमा आवश्यक पर्ने तत्वहरूलाई यसरी औंल्याउनु भएको थियो ।

(१) आवश्यक प्रशिक्षण प्रदान—कुनै पनि संस्थाका सदस्यहरूको दक्षता र क्षमता प्रयोग गर्नु अगाडि उनीहरूलाई आवश्यक प्रशिक्षणहरूको व्यवस्था हुनुपर्छ ।

(२) सदस्यहरूको विचारधाराहरूको कदर—संस्थाका सम्पूर्ण सदस्यहरूको विचारधारालाई कदर गरी बुझ्ने क्षमता हुनुपर्छ । कुनै पनि कार्यमा एकजनाको मात्र मनोमानी हुन नदिई सबैको संलग्नता आवश्यकता पर्दछ ।



Downloaded from http://www.dhamma.digital

(३) सदस्यहरूको प्रभावकारिता—सदस्यहरूमा राम्रा सीपहरू समावेश गराउनका लागि समूह कार्यलाई जोड दिनुपर्छ। यस्तो गर्न सकेमा एक समूहको राम्रो आदर्श अरू समूहले लिई धेरै मानिसहरूलाई सीपमूलक र दक्ष बनाउन सक्ने वातावरण तयार हुन सक्छ। यसरी एक दक्ष व्यक्तिबाट शुरु भएको उद्देश्यमूलक कार्यक्रम पछि संस्था र समूह हुँदै समाजलाई नै प्रभाव पार्न सक्ने संस्थाको विकास हुन सक्नेछ।

(४) दक्षता संख्यामा वृद्धि—एक दक्ष व्यक्तिले अन्य थुप्रै मानिसलाई दक्ष बनाउन सक्नेछ। उदाहरणको लागि एक दक्ष व्यक्तिले १० जवान व्यक्तिहरूलाई दक्ष बनाउन सक्छ भने १० जवानले अन्य १०० जवान व्यक्तिहरूलाई दक्ष बनाउन सक्ने हुन्छ। यही क्रममा दक्ष व्यक्तिहरूको संख्या बढाउँदै लाने क्षमता हुनुपर्छ।

(५) संस्थाको विकास – एक संस्थाको व्यवस्थापन सीपलाई अध्ययन गरी संस्थाका सदस्यहरूले आफ्ना व्यक्तिगत कार्यहरूमा पनि ती सीप प्रयोग गर्न सक्नेछन्। त्यति मात्र होइन एक संस्थाको सीपलाई अर्को संस्थाले अनुकरण गरी संस्थाका विकास हुन सक्नेछ।

(६) हौसलापूर्ण कार्य—संस्थाको व्यवस्थापनबाट यस्ता कार्यहरू हुनुपर्छ, जुन कार्यको हौसला पाई सदस्यहरूले आफ्ना सीप प्रयोग गरेपछि अन्य व्यक्तिहरूले त्यसको प्रशंसा गरोस्। अनिमात्र संस्थाले आफ्नो लक्ष पूरा गर्न सक्नेछ।

(७) योजना—जुनसुकै कार्यमा पनि योजनाको आवश्यकता पर्दछ। लक्ष पूर्तिका लागि कार्यक्रमको आयश्रोतलाई अध्ययन गर्ने, पूर्वसम्पन्न कार्यको मूल्यांकन र अनुभवलाई आधार मानी भावी कार्यक्रमको योजना तयार गर्नुपर्छ।

(८) सदस्यहरूको हीत हुने कार्यक्रममा ध्यान दिने—संस्थाको विकास भन्नु नै सदस्यहरूको विकास हो भन्ने कुरालाई ध्यानमा राखी सदस्यहरूको हीतको कार्यमा सदैव ध्यान दिन आवश्यक हुन्छ। सदस्यहरूको विकासको लागि उनीहरूको आ–आफ्ना दक्षताको स्वच्छ प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नु पर्दछ। फलस्वरूप त्यहाँ एक अर्काको दक्षता र ज्ञानगुणका बारेमा बुझ्ने र सिक्ने मौका पाउने हुन्छ। यसरी सामूहिक कार्य र संस्थाकै समग्र विकासमा ध्यान दिनुपर्ने हुन्छ।

(९) समयानुसार कार्यक्रमहरूमा परिवर्तन—मानविय मानसिकता सधैं एकै क्षत्रमा मात्र एकोहोरिएर बस्न चाहँदैन। यसले परिवर्तन चाहिरहन्छ। त्यसकारण संस्थाको कार्यक्रमलाई सीमित घेरामा केन्द्रित नगरी समयानुसार परिवर्तन गर्दै लान सक्नु पर्दछ। जसले गर्दा सदस्यहरूमा संस्थाका क्रियाकलापहरूमा रूची बढ्दै जानेछ।

(१०) कार्यक्रमको सही मूल्याङ्कन—कुनै पनि कार्यक्रमको सही मूल्याङ्कन भई त्यसबाट प्राप्त भएका फाइदाहरू संकलन गर्न सक्नुपर्छ। जसबाट सदस्यहरूको सन्तुष्टी बढ्ने हुन्छ र भावी उद्देश्यहरूको सहायक योजनाको आधार बन्न सक्नेछ।

श्री अगम्यरत्न कंसाकारको सभापतित्वमा संचालित उक्त कार्यक्रमको संचालक तथा रिपोर्टर क्रमशः श्री ध्रुवरत्न स्थापित र सुश्री सुनहेरा तुलाधर हुनुहुन्थ्यो।

## धर्मकीर्ति विहार, स्वास्थ्य समितिका लागि सदस्यहरूबाट प्राप्त चन्दा

| | |
|---|---|
| (१) अ. धम्मवती गुरुमाँ, धर्मकीर्ति, काठमाडौं | रू. २५,०००।– |
| (२) श्री सानुरत्न स्थापित, ज्याठा, काठमाडौं | रू. २५,०००।– |
| (३) अ. दो गुणवती बर्मा | रू. ५,०००।– |
| (४) श्रीमती भूवनेश्वरी डंगोल, स्वयम्भू, काठमाडौं | रू. ८,०००।– |
| (५) श्री कमलमुनी शाक्य, ढल्को, काठमाडौं | रू. २,०००।– |



Downloaded from http://www.dhamma.digital

(६) श्रीमती शुशिला ताम्राकार, मरु, इलाछें, काठमाडौं रू. १,००१।–
(७) श्रीमती दिलमाया महर्जन, मासंगल्ली, काठमाडौं रू. २,०००।–
(८) श्री सरिता तुलाधर, कैल, काठमाडौं रू. १,०५०।–
(९) श्री अमृत ताम्राकार, मरु, काठमाडौं (चागः) रू. १,०००।–
(१०) श्रीमती चन्द्रप्रभा तुलाधर, भोटाहिटि दगुबा, काठमाडौं रू. १,०१५।–
(११) श्री दानशोभा तुलाधर, कमलादी, काठमाडौं रू. १,१०१।–
(१२) श्री रचना शाक्य, सोह्लखुट्टे, काठमाडौं रू. १,०११।–
(१३) श्रीमती वासन्ती बज्राचार्य, कमलादी, काठमाडौं रू. १,१०१।–
(१४) श्रीमती छोरी श्रेष्ठ, ताहाचल, काठमाडौं रू. १,१००।–
(१५) श्री शीलदेवी, ठमेल, काठमाडौं रू. १,०००।–
(१६) श्री लक्ष्मी कुमारी पुचः, धर्मकीर्ति, काठमाडौं रू. १,१००।–
(१७) श्री तारावीर, विजेश्वरी, काठमाडौं रू. १,०००।–
(१८) श्री मिजं पुचः, धर्मकीर्ति रू. १,१००।–
(१९) श्री पुष्पलक्ष्मी मास्के रू. २,०००।–
(२०) श्री गुलाव शोभा, नयाँबजार रू. १.२००।–
(२१) श्री गणेशमाया पुचः, धर्मकीर्ति रू. १,००१।–
(२२) श्री हिराकाजी सहित अष्टमाया पुचः, धर्मकीर्ति रू. २,०००।–
(२३) श्री मदन कुमारी नामं भैरवबहादुर, बाँसबारी रू. १,०००।–
(२४) श्री निरज बनिया रू. १,००५।–
(२५) श्री हरिमान, जगतमाया, छावनी, काठमाडौं रू. १,००५।–
(२६) श्रीमती चिनीमाया तुलाधर, तिनधारा, काठमाडौं रू. १,०२१।–
(२७) श्री रेजिता तुलाधर, श्रीघः रू. १,०१०।–
(२८) श्री हरि प्रसाद श्रेष्ठ रू. १,२००।–
(२९) श्री प्रेमदेवी, बनेपा काभ्रे रू. १,०२०।–
(३०) श्री ज्ञानीरत्न तुलाधर, दगुबाः भोटाहिटि, काठमाडौं रू. १,१११।–
(३१) श्री दिब्यतारा तुलाधर, असन रू. १,०११।–
(३२) श्री प्रज्ञा तुलाधर, कमलाछी, काठमाडौं रू. १०,१०।–
(३३) श्री केशरी तुलाधर, दगुबाः, लाजिम्पात, काठमाडौं रू. १,०१०।–
(३४) श्री विजय लक्ष्मी तुलाधर, असन, ,काठमाडौं रू. १,०१०।–
(३५) श्री श्रीप्रभा तुलाधर, केल, काठमाडौं रू. १,००५।–
(३६) श्री ताराशोभा तुलाधर, त्यौड, काठमाडौं रू. १,००५।–
(३७) अ. वीर्यवती गुरुमा, धर्मकीर्ति विहार रू. १,१००।–



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी उपवन क्षेत्रभित्र मद्यपान निषेध होस्
## लुम्बिनी विकास कोष समक्ष
## चित्रकार समाजबाट हस्तान्तरित ज्ञापनपत्र

नेपालभूमिको पवित्र लुम्बिनी उपवनमा शाक्यमुनि गौतम बुद्धको जन्म भएको तथ्य हामो नेपाली मात्रको लागि अति गौरबको विषय हो । तथागत भगवान् बुद्धले दिनुभएको अनन्त सत्यको ज्ञान तथा पञ्चशील पालन गर्ने दिव्य उपदेश विश्वभरका शान्तिप्रेमी मानव मात्रको लागि कल्याण र मुक्तिको मार्गदर्शन हो । कुनै सम्प्रदाय र जातिको भेदभाव रहित बुद्धवचन मानव धर्मको सुमार्गमा लाग्ने अपार प्रेरणाको श्रोत हो । पञ्चशीलप्रति आस्था राखी ससारका कैयन मुलुकका असंख्य श्रद्धालुजन लुम्बिनीको यस अति पवित्रस्थलमा पदार्पण गर्न प्रबल अभिलाषा राख्दछन् । लुम्बिनी उपवनको संरक्षण र सम्वर्द्धन गरी तथागतको पुण्य जन्मस्थलको पावनक्षेत्रलाई एक पवित्र धार्मिकस्थल तथा विश्व शान्तिको प्रेरणाको केन्द्रबिन्दुको रूपमा विकसित गर्नेतर्फ भइरहेको लुम्बिनी विकास कोषको योगदान सह्राहनीय छ । तर, यस पवित्रस्थलमा पञ्चशीलको अपहेलना हुने विभिन्न कुकृत्य गर्ने छुट भइराखेकोमा हामी दुःख व्यक्त गर्दछौं ।

यहाँ केही यात्रीहरू अज्ञानतावश वनभोज गरी रमिता गर्न आउने गरेको पनि पाइन्छ भने उपवनभित्रका होटल, भोजनालयहरूमा मादकपदार्थ बिक्री गर्ने र मद्यपान गराउने गरेको पाइन्छ । यसप्रकारको अनियन्त्रित क्रयाकलापबाट यस पावन स्थलको पवित्रतामा कलंक लाग्न गएको कुरा लुम्बिनी विकास कोषले महशुस गरेको हुनु पर्दछ भनी हामी विश्वास गर्दछौं । लुम्बिनी उपवन कुनै मनोरञ्जन वा क्रिडास्थल नभइकन एक विशुद्ध धार्मिक स्थल हो र यहाँभित्र पञ्चशील पूर्णरूपमा पालना हुनु नितान्त आवश्यक छ भन्ने कुरामा दुई मत हुन सक्दैन । लुम्बिनी उपवन क्षेत्रभित्र मद्यपान पूर्ण प्रतिवन्धित गरिनु पर्दछ, यसबाट पञ्चशीलको भावनाको विस्तार हुन अवश्य सघाउ पनि पुग्नेछ । तसर्थ, पञ्चशीलको अवहेलना हुने निन्दनीय क्रयाकलापमाथि अविलम्ब प्रतिबन्ध लगाउन कडा कदम चालियोस् भनी हामी हार्दिक अपिल गर्दछौं । साथै लुम्बिनी उपवन-भित्र मद्यपान पूर्ण निषेध गर्न लगाउन दबाब दिन तमाम बौद्ध समुदाय र सम्बन्धित सबैलाई हामी हार्दिक आह्वान गर्दछौं ।

चित्रकार समाजका सदस्यहरूले यस ज्ञापनपत्र लुम्बिनी विकास कोष समक्ष आज हस्तान्तरण गर्न पाएकोमा कोषका उपाध्यक्ष श्रद्धेय भन्ते विमलानन्द महास्थविरप्रति आभार व्यक्त गर्दछौं । हाम्रो यस अपिलको अवश्य पनि अविलम्ब कदर हुनेछ भन्ने हामीले आशा राखेकाछौं ।

बखत बहादुर चित्रकार, अध्यक्ष, चित्रकार समाज
२०५३ श्रावण २० गते आइतबार



Downloaded from http://www.dhamma.digital

## सुनागुठी जन विहारको शिलान्यास

२०५३ फागुन १ गते श्रीपञ्चमी, ललितपुर सुनाकोठीमा हालसम्म बौद्ध विहार नभएका हुँदा उक्त स्थानका बौद्ध उपासक उपासिकाहरू मिली सुनाकोठीको, बालकुमारी स्थानमा सुनागुठी जन विहार निर्माणको लागि भिक्षु कालुदायी सह बर्माबाट पाल्नु भएका भिक्षु जटिल र अनगारिका संघका अध्यक्षा अनगारिका सुशिलाद्वारा शिलान्यास सम्पन्न गरिएको समाचार छ। उक्त शिलान्यास कार्यक्रम सम्पन्न गर्नु अघि बुद्ध-पूजा, पञ्चशील प्रार्थना र परित्राण-पाठ गरिएको थियो।

## अभिनन्दन कार्यक्रम

२०५३ साल फागुन १८ गते, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका संस्थापक ओवादाचार्य ध्यानगुरु सयादो उ पण्डिताभिवंश महास्थविरका सम्मानमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र बुद्धनगर, शंखमूलमा अभिनन्दन कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ। अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र परिवारको आयोजनामा सम्पन्न भएको सो कार्यक्रमका प्रमुख अतिथि ने. कां. सभापति श्री गिरीजा प्रसाद कोइराला हुनुहुन्थ्यो।

## भिक्षु महानाम गुणानुस्मरण दिवस

२०५३ फागुन १४ गते, महानाम पुण्य-स्मृति कोषको संयोजकत्वमा दिवंगत भिक्षु महानामको गुणानुस्मरण दिवसको उपलक्ष्यमा भिक्षु संघ, अनगारिका (भिक्षुणी) संघ र अन्य धेरै उपासकोपासिकाहरू समेत-लाई निमन्त्रणा गरी आनन्दकुटी विहारमा बुद्ध-पूजा र भोजन दान आदि कार्यक्रम सम्पन्न भएको समाचार छ।

भोजनोपरान्त श्री पूर्णरत्न बज्राचार्यको संयो-जकत्वमा ललितपुर उपमहानगरका नगर प्रमुख श्री बेखारत्न शाक्यको प्रमुख आतिथ्यमा महानाम गुणानु-स्मरण सभा पनि सम्पन्न भएको समाचार छ।

महानाम पुण्य-स्मृतिकोषबाट यस गुणानुस्मरण पुण्य कार्यलाई दीर्घकालसम्म पनि टिकाउन सकेमा यसले एक राम्रो नमूनाको रूप लिने विषयमा भिक्षुहरू बीच चर्चा भएको थियो।

## बुटवलमा महापरित्राण

बुटवलका दुई स्थानहरूमा महापरित्राण पाठ सम्पन्न भएको समाचार प्राप्त भएको छ।

बुद्ध धर्म प्रचार गर्ने श्रद्धा सहितको चित्तले श्री महेशमान शाक्यले आफ्ना दिवंगत पिता र पुत्रको पुण्य-स्मृतिमा बुटवल कालिकानगर स्थित आफ्नै निवास स्थानमा फागुन १९ गते काठमाडौंबाट दुई दर्जनभन्दा बढी भिक्षुहरू निमन्त्रणा गरी भव्यरूपमा भिक्षु संघबाट महापरित्राण पाठ कार्यसम्पन्न गराउनु भयो।

यसरी नै बुटवल खस्यौली बजारमा भुवनमाया यांछिं प्रमुख यांछिं परिवारको श्रद्धा अनुसार फागुन २१ गते भिक्षु संघबाट महापरित्राण पाठ भव्यरूपमा सम्पन्न भएको समाचार छ।

दर्जनौं अनगारिका गुरुमांहरूको पनि उपस्थिति थियो।

दुबै ठाउँमा धर्मदेशना गर्नु हुनेहरू—भिक्षु अश्वघोष, भिक्षु सुदर्शन, भिक्षु बोधिसेन, भिक्षु शोभित, अ. धम्मवती।



Downloaded from http://www.dhamma.digital

## देव रथारोहण

बिराटनगर, माघ १० गते, बयोबृद्ध उपासिका बिराटनगर–१४ निवासी श्री न्हुछेमाया तुलाधरको देव रथारोहण कार्यक्रम सरल तरिकाबाट सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। अनावश्यक फजुल खर्च र झंझटहरू पन्छाई आफ्ना नाताकुटुम्बहरू, इष्ट-मित्र र बिराटनगर स्थित बौद्ध समूहको उपस्थितिमा संचालित उक्त कार्यक्रम ज्ञानमाला भजन, बुद्ध–पूजा, परित्राण पाठ र प्रदीपहरू बाली सम्पन्न गरिएको थियो।

## विपस्सना ध्यान शिविर सम्पन्न

२०५३ माघ १५ गते देखि १९ गतेसम्म सम्यक शिक्षा समूह धरान–१२ को आयोजनामा श्री स्वयम्भु चैत्य महाविहारमा सतिपट्ठान ध्यान शिविर सम्पन्न भएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार विशेष गरी परियत्ति शिक्षा पढ्दै गरेका विद्यार्थीहरूका लागि संचालित उक्त शिबिरमा ६ वर्ष देखि १७ वर्षसम्मका योगीहरूले भाग लिएका थिए।

जीवनका हरेक क्षणमा मानिसले होश पु¯याउनु पर्ने सुझाव दिनुहुँदै भिक्षु विशुद्धानन्दले सो शिविरमा योगीहरूलाई सतिपट्ठान विपस्सना सम्बन्धि प्रवचन दिनु भएको थियो।

शिविरमा भाग लिनु हुने योगीहरूको नामावली यसप्रकार रहेको बुझिएको छ।

१. जयन्तमणी कायस्थ, २. सुजन कायस्थ, ३. सुरज श्रेष्ठ, ४. रोशनी ताम्राकार, ५. सरोज श्रेष्ठ, ६. ममता राई, ७. अनुपम राणा, ८. मौसम राई, ९. अनिल श्रेष्ठ, १०. कोपीला राई, ११. महेश श्रेष्ठ, १२. मञ्जु तामाङ्ग।

## स्याङ्जामा धार्मिक कार्यक्रम

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवको पुनित अवसरमा मौसूफ सरकारको सु–स्वास्थ्य, दीर्घायु एवम् चिरायुको कामना गर्दै स्याङ्जा जिल्ला पंचमूल गा. वि. स. वडा नं. ४ शिरुबारी स्थित स्थानिय बौद्ध गोम्पामा धर्मोदय सभा पंचमूल शाखाको तत्वावधान र बुद्ध आमा समूहको आयोजनामा यही माघ १० गतेबाट बौद्ध धर्मको महान ग्रन्थ कङग्युर पाठ शुभकार्य सु सम्पन्न गरिएको समाचार छ। प्रथम समाचार अनुसार सो शुभ समारोहमा ५५ जना लामा गुरुज्यूहरू-द्वारा कङग्युर पाठ गरिएको थियो भने धार्मिक गुरु कुस्योज्यू तथा भिक्षु विजित र भिक्षु धर्मसागरबाट धर्मदेशना गरिएको थियो। सो कार्यक्रमको सिलसिलामा माघ १८ गते अन्तरमाध्यमिक स्तरिय हाजिरी जवाफ प्रतियोगिता, विचार गोष्ठी एवम् १९ गते विशाल शान्ती पदयात्राको आयोजना गरी समापन गरियो। यस शुभकार्यको उद्देश्य ग्रामिण क्षेत्रमा बुद्ध धर्मको प्रचार प्रसार गर्ने र विश्वमा शान्तीको सन्देश फैलाउनु हो भनी सो कार्यक्रमका आयोजक बुद्ध आमा समूहका अध्यक्ष श्रीमती भीमकुमारी गुरुङले बताउनु भएको थियो। साथै उक्त दिनदेखि पंचमूल गा. वि. स. मा धुम्रपान तथा मद्यपानको निषेध गरिएको कुरा पनि ज्ञात हुन आएको छ।

## बुद्धमूर्ति स्थापनाको सम्झना

२०५३ पौष ३० गते, वि. सं. १९९३ पौष ३० गते श्री शाक्यमुनि विहार टक्सारमा 'बुद्धमूर्ति' स्थापना भएको ऐतिहासिक दिनको सम्झनामा ज्ञानमाला भजन, बुद्ध-पूजा र प्रवचन कार्यक्रम भएको थियो। उक्त



Downloaded from http://www.dhamma.digital

बा. अ. का. द. नं. – ७०/०४०/४१          म. क्ष. हु. नि. का. द. नं. – ६/०४२/०४३

कार्यक्रममा आफ्नो विचार व्यक्त गर्दै श्री देवराज शाक्यले भन्नुभयो—"आजभन्दा करिब ६० वर्ष अघाडि" शाक्यमुनि विहारमा बुद्धमूर्ति स्थापना भई थेरवादी धर्मको लागि ऐतिहासिक महत्व राख्दै आएका छन्। शुरुमा लामा गुरुद्वारा गरिने "दण्डवत प्रणाम र सत्यधर्म, अपरिमिता धर्मबाट प्रभावित भएको थियो। आज यसै विहार अन्तर्गत वर्तमान "संघनायक श्रद्धेय भन्ते शाक्यानन्द" लगायत दर्जनौं भिक्षु, भिक्षुणी उत्पादन गर्दै बौद्ध धर्म प्रचारमा व्यस्त हुनु हुन्छन्। अतः यस विहारलाई स्थायीत्व दिंदै, धर्म प्रचारमा अगाडि बढ्नु पर्ने आफ्नो राय व्यक्त गर्नुभयो। वक्तव्यकै क्रममा "यशोधरा बा. वि. का शिक्षक", श्री अमृका ताम्राकार द्वारा बुद्ध धर्म नै यस्तो धर्म हो, जुन धर्मद्वारा विश्वमा चलिरहेको अशान्त वातावरणलाई शान्त पार्न सक्ने छ। यसैले म बुद्ध धर्ममा लागेको हुं। अर्को वक्ता संजय शाक्यद्वारा पनि बुद्ध धर्म आजको आवश्यकता र साकार पार्दै लानु पर्ने आफ्नो धारणा राख्नुको साथै, "दुःख सुमन्ति लेख शिर्षकको कविता वाचन गर्नुभयो। अन्तमा पुण्यानुमोदन पश्चात उक्त सभा सम्पन्न भएको थियो।

## बौद्ध जागरण समूहको दोश्रो साधारण सभा

२०५३ फागुन १६ गते, यस ज्योतिवय संघ अन्तर्गत बाल बौद्ध जागरण समूहको दोश्रो साधारण सभा सम्पन्न भएको समाचार प्राप्त भएको छ। उक्त सभा नि–वर्तमान अध्यक्ष शान्ती बेसारको सभापतित्वमा भएको थियो, कार्यक्रममा हालसम्म ६ वटा अंक परियत्ति ज्योति त्रैमासिक प्रकाशन, परियत्ति कक्षा संचालन तथा अन्य बौद्ध कार्यक्रम गरिएको जानकारी सचिव रमेश बेसारले व्यक्त गर्नुभयो। साथै निर्वाचन कार्य पनि सम्पन्न गरियो। नव निर्वाचित सदस्यहरूलाई धन्यवाद दिंदै ज्योतिवय संघका संस्थापक सदस्य सुरेन्द्रमान शाक्यले बौद्ध धर्म र विकास बारे प्रकाश पार्नुभयो र सचिव दिल बेसारले मन्तव्य व्यक्त गर्नुभयो।

निर्वाचित पदाधिकारी सदस्यहरू—

१. अध्यक्ष राजेश बेसार २. उपाध्यक्ष हेराकाजी बेसार ३. सचिव रमेश बेसार (A) ४. सह-सचिव रमेश बेसार (B) ५. कोषाध्यक्ष बासुदेव बेसार, सदस्यहरू– ६. रामेश्वर बेसार ७. गंगालक्ष्मी महर्जन ८. शान्ती बेसार ९. तीर्थकुमारी महर्जन १०. समीता बेसार र ११. रविन्द्र बेसार।

---

धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू—

क्र. सं. २१९

ध० रत्नमञ्जरी
धर्मकीर्ति विहार, नघःल, श्रीघः
रु. १०००।–

क्र. सं. २२०

MOLINI (NUN)
Sagaing Hill, Myanmar
Rs. 1440/-

---

## सिद्धिमंगल विहारय् छुया यंकूगु.

यल सिद्धिपुर (थती) स्थित सिद्धिमंगल विहारे २०५३ फागुन २२ गते खुन्हु चान्हे अंगः, तछ्यानाः (३०) स्वीछुति थाँया सामान खुया यंकूगुलि प्रहरीयात रिपोर्ट याःगु समाचार प्राप्त जूगु दु।

प्राप्त समाचार कथं थेरवाद बौद्ध शासक केन्द्रिय परिषद्या बैठके उपस्थित महानुभावपिसं उक्त विहारयात ग्वाहाली स्वरुप मुक्कं रु. १६९०।– अर्पणयागु जुल।

अथे हे श्रद्धावान महानुभावपिन्सं नं फुफुथें ग्वाहाली यानाः विहारे जूगु क्षतिपूर्ति यायेगुया लागी सक्कसितं अनुरोध नं याःगु दु।

मुद्रक – नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल।          फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital